# त्रिपुरासुन्दरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्यानटार, धादिङ

३ नं.: प्रदेश, नेपाल

# पाश्र्वचित्र

## Rural Municipal Profile



**सहयोगी संस्था**

सिभिल लिकं पाथवे नेपाल श्रीइएस जेभी

काठमाण्डौ, नेपाल

सम्पर्क फोन नं. ०१–४४८०२११

इमेल:

civillinkengineering@gmail.com

# प्रकाशकीय

विद्यमान तथ्याङ्क/सूचनाको महत्व र प्रयोगलाई मनन् गरी त्रिपुरासुन्दरी गाउँपालिकाले पहिलो पटक घरधुरी सर्वेक्षणमा आधारित वस्तुगत विवरण (पाश्र्वचित्र) प्रकाशित गरेको छ । त्रिपुरासुन्दरी गाउँपालिका भित्र वसोवास गर्ने सवै वासिन्दाहरुको पारिवारिक तथ्यांङ्क संकलन लगायत त्रिपुरासुन्दरी गाउँपालिका स्थित विभिन्न सरोकारवाला तथा क्षेत्रहरुबाट तथ्यांङ्क/सूचना संकलन गरि सोको आधारमा तयार गरिएको यस गाउँपालिकाको वस्तुगत विवरण–२०७५ ले यर्थाथ तथ्याङ्क प्रस्तुत गरेको छ ।

यस पुस्तकमा आर्थिक तथा सामाजिक सूचनाहरु जस्तै जनसांख्यिक, कृषि, उद्योग तथा व्यापारिक क्षेत्र तथा प्रतिष्ठान, सौर्य तथा जैविक उर्जा, संचार, शैक्षिक, भौतिक पुर्वाधार, सामाजिक सुरक्षा तथा मनोरञ्जनात्मक क्षेत्र लगायत संस्थागत तथा सुशासनका तथ्याङ्कहरु प्रस्तुत गरिएको छ । त्रिपुरासुन्दरी गाउँपालिकाको समग्र विकास, योजना तर्जुमा, कार्यान्वयन एवं अनुगमन तथा मुल्यांकन कार्यको लागि तथ्याङ्क अपरिहार्य हुने हुदाँ यो वस्तुगत विवरण (पाश्र्वचित्र), २०७५ ले गाउँपालिका अन्र्तगत विभिन्न विकासात्मक तथा प्रर्दशनात्मक कार्य गर्नको लागि गाउँपालिकाको यथार्थ तथ्याङ्कको आवश्यकतालाई परिपुर्ति गर्ने विश्वास लिइएको छ ।

गाँउ । नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७४ र २०७५, स्थानीय सरकार संचालन ऐन २०७४ लागु भई सकेको अवस्थामा स्थानीय स्तरमा तथ्याङ्कको महत्व र प्रयोग दिनानु दिन बढिरहेको महशुस गरिएको सन्दर्भमा यस पुस्तिकाले स्थानीय तहमा नीति निमार्णकर्ता, योजनाकार, कार्यक्रम संचालनकर्ता, अनुसन्धानकर्ता, प्राध्यापक, शिक्षक, विद्यार्थीहरु लगायत सरोकारवालाहरु समेतलाई उपयोगी हुने ठानेका छौ ।

साथै यस पुस्तिका तयार गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने सम्पुर्ण गाउँपालिकावासी, गाउँपालिका भित्रका सवै वडा कार्यालय, विषयगत कार्यालयहरु, सरकारी कार्यालयहरु, संघसंस्था अन्य निकायहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छौ । यसैगरी गाउँपालिका भित्र वसोवास गर्ने सवै गाउँवासीहरुको घरघरमा जानुको साथै सम्बन्धित विभिन्न निकायमा गई विवरण संकलन गर्न सहजीकरण गर्ने परामर्शदाता टोलीका सदस्यहरु, पारिवारिक तथ्यांक संकलन कार्यमा संलग्न हुनुहुने सवै वडाका तथ्यांक संकलक साथीहरु धन्यवादका पात्र हुनुहुन्छ । साथै, फिल्डस्तरवाट संकलन गरिएको तथ्याङ्कलाई सश्लेषण, विश्लेषण लगायत पुस्तकको ढाँचा तयार गर्ने कार्यमा संलग्न परामर्शदाता टोलीलाई विशेष धन्यवादका दिन चाहान्छौ ।

अन्तमा, यहाँहरुको अमुल्य सुझाव, टिका टिप्पणीहरुले आगामी वर्षहरुमा यस पाश्र्वचित्रलाई थप परिमार्जित गर्नमा हामीलाई सघाउ पुग्ने अपेक्षा गरेका छौ ।

त्रिपुरासुन्दरी गाउँपालिका

## मन्तव्य



त्रिपुरासुन्दरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले पाश्ववचित्र तयार पार्नका लागि स्थानीय सरोकारवालाहरुको कार्यशाला गोष्ठी संचालन गरी गाँउ । नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय योजना आयोगको योजना तर्जुमा सम्वन्धी निर्देशिका तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन अनुरुप यस गाउँपालिकाको पाश्ववचित्र २०७५ तयार पारिएको छ ।

यस दस्तावेजवाट स्थानीय क्षमता विकास गरि बाह्य निर्भरता कम गर्दै स्थानीय साधन श्रोतको बढि भन्दा बढि उपयोगमा ल्याउने र जनचेतनाको अधिकतम विकास तथा वृद्धि गरि चालु र भविष्यमा तर्जुमा हुने योजना, कार्यक्रम बिच तालमेल, समन्वय तथा कार्यगत एकता र एकिकरण गर्दै गाउँपालिकाको विकास कार्यमा दोहोरोपन हुन नदिनका साथै विकास र चेतनाको गति अगाडी बढाउन सहयोग पुग्ने विश्वास गरेको छु ।

त्रिपुरासुन्दरी गाउँपालिकाको दस्तावेजमा रहेको सूचनालाई व्यवस्थित गर्नका लागि गाउँपालिकाको सकृयता एंव सचेतनता र निरन्तरताको अभ्यासले गाउँपालिका भित्र रहेको अवस्था केलाउनुका साथै जनचाहानाको आधारमा संभाव्यताको पहिचान गर्न र त्यसको समाधानका लागि विकासका साझेदारहरुसंगको अन्तर सम्वन्ध र पारदर्शी कार्यशैली अपरिहार्य महशुस गरेको छु ।

स्थानीय तहको निर्वाचन भएको करीब २ बर्ष वितिसकेको अवस्थामा यो पाश्ववचित्र निर्माण कार्य सम्पन्न भएको छ । मेरो नेतृत्वमा रहेको यो निर्वाचित टोलीको अझै आगामी ३ बर्ष कार्यकाल बाँकी रहेको छ । कार्यकालको अन्तिम समयमा हाम्रो टोलीले के के काम गरियो ? भन्ने प्रश्नको जवाफ दिनको लागि यो पाश्ववचित्र र आगामी कार्यहरुको प्रगतिको आधारमा गरिने भएको हुनाले पनि यो पाश्ववचित्रको निकै महत्व रहेको छ ।

त्रिपुरासुन्दरी गाउँपालिकाको वस्तुस्थिती विवरणवाट प्राप्त विश्लेषणलाई व्यवहारमा उतार्नका लागि जुनसुकै र जस्तोसुकै परिस्थितीमा पनि नमुनाको रुपमा सकृय भई सवै पक्षवाट आत्मासात गरि साकार पार्न सवै वर्गले योगदान गर्नु हुनेछ भन्ने कामनाका साथ यो पाश्ववचित्र तयारीका दौरानमा सहयोग गर्नु हुने सम्पूर्ण जननिर्वाचीत प्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सम्पूर्ण कर्मचारी बर्ग, वुद्धिजिवी, समाजसेवी, अग्रज महिला दिदीबहिनी, व्यवसायी, आम जनसमुदायहरुमा आभार व्यक्त गर्न चाहन्छु ।

अन्तमा, यस पाश्ववचित्रलाई सफलतापुर्वक लेखन, विश्लेषण तथा अनुसन्धान गर्नु हुने परामर्शदातालाई विशेष धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

शम्भु कुमार थापा
अध्यक्ष
त्रिपुरासुन्दरी गाउँपालिका

# मेरो भनाई



त्रिपुरासुन्दरी गाउँपालिका धादिङ जिल्लाका १० वटा स्थानीय तह मध्ये प्राकृतिक स्रोत साधन र सुन्दरताले भरिपूर्ण एक प्रमुख गाउँपालिका हो । विकासको असिमित संभावना वोकेको यस गाउँपालिकाको समयमै संभावना र चुनौतीको विश्लेषण गरि विकासको गतिलाई तिव्र वनाउनु जरुरी छ । विविध जाती, धर्म, वर्ग र समुदाय रहेको यस क्षेत्रलाई धार्मिक, सास्कृतिक र पर्यटकिय केन्द्रको रुपमा विकसित गरि विविधतामा एकता कायम गर्दै सामाजिक सद्भावको दरिलो नमुनाको रुपमा प्रस्तुत गर्नु पर्ने देखिन्छ । फलस्वरुप त्रिपुरासुन्दरी गाउँपालिकाले एकता नै वल हो भन्ने मुल मर्मलाई आत्मसात गरि विकासको गतिलाई तिव्रता दिन सक्षम रहने विश्वास गर्न सकिन्छ ।

राज्य पुर्नसंरचना पछि भएको स्थानीय तहको अवधारण अनुरुप साविकका स्थानीय निकायहरु गाउँपालिका, नगरपालिकामा रुपान्तरित भएका हुन । तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।११।२७ को सचिव स्तरको निर्णय लगायत नेपाल सरकारवाट प्राप्त नीति तथा निर्देशन र परिपत्रको पूर्ण पालना गर्दै घरधुरी सर्वेक्षण २०७५, साविकका गा.वि.स, विभिन्न संघ संस्था, गाँउ वस्ती, वडा तथा विभिन्न उपलब्ध द्धितिय तथ्याङ्क तथा स्थलगत सर्वेक्षणबाट यस गाउँपालिकाको पाश्र्वचित्र तयार गरिएको छ । हामी सवैको साझा उद्देश्य गाउँपालिकाका तथा यस अन्र्तगतका सवै वडाहरुमा विकासको समान अवसर प्रदान गरी मूल प्रवाहमा सहभागी गराई समुन्नत, व्यवस्थित, सफा र दिगो रुपमा विकसित गर्नु नै हो ।

गाउँपालिकालाई समय र युग सुहाउदो विकासको गतिमा अगाडी बढाउनको लागि प्रथमतः विकासका पूर्वाधारहरु तयार गर्नुपर्ने हुन्छ । जसको लागि विभिन्न क्षेत्रका सूचना र तथ्याङ्कहरु संकलन, विश्लेषण र प्रशोधन आवश्यक हुन्छ । साविकका गा.वि.स हरुको मिलन पश्चात भएको यस गाउँपालिकाको एकिकृत रुपमा सूचना तथा तथ्याङ्क संकलन गर्नु प्रधान कार्य रहेको महशुस भएकाले गाउँपालिकाको पाश्र्वचित्र तयार गरिएको हो । गाउँपालिकाले परिवर्तित समयक्रम संगै विकाससंग सम्वन्धित सूचना र तथ्याङ्कहरुपनि परिवर्तन हुदै गएकोले समयानुकुल परिमार्जनको आवश्यकतालाई मध्यनजर राखी गाउँपालिकाले पाश्र्वचित्र २०७५ तयार गरि प्र्रकाशनमा ल्याएको छ ।

यस गाउँपालिकाको सुन्दर प्राकृतिक मनोरम वातावरण, विविधतायुक्त भूधरातल, उर्वर भूमीहरु संगै विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरु यहॅाका मौलिक पहिचान हुन् । यो पाश्र्वचित्र प्रकाशन पश्चात गाउँपालिकाको आन्तरिक तथा बाह्य पर्यटनलाई बढावा मिल्ने अपेक्षा समेत लिईएको छ । यस पाश्र्वचित्रमा गाउँपालिकाको आर्थिक, सामाजिक, धार्मिक, सास्कृतिक, जनसाख्यिक, शैक्षिक, स्वास्थ्य, सञ्चार, खानेपानी, विद्युत लगायतका विभिन्न उपयोगी सूचनाहरुलाई समेटिएको छ । पाश्र्वचित्रमा घरधुरी सर्वेक्षण गरि प्राथमिक सूचनाहरु संकलन तथा द्धितिय तथ्याङ्कहरुको माध्यमबाट यथार्थपरक बस्तुस्थिति समावेश गर्ने प्रयत्न गरिएको छ । यस पाश्र्वचित्र प्रकाशनबाट गाउँपालिकाको विकास निर्माण र अध्ययन अनुसुन्धानमा चासो राख्ने जो कोही जिज्ञासु पाठकलाई उपयोगी हुने अपेक्षा लिएको छु । यसमा समयानुकुल परिमार्जन र परिस्कृत गर्दै लैजानका लागि आगामी दिनहरुमा विद्धतवर्गहरुको सुझाव तथा सल्लाहको अपेक्षा समेत राखेको छु ।

यस कार्यमा प्रत्यक्ष÷अप्रत्यक्ष रुपमा सहयोग सुझाव र सल्लाह दिनु हुने नवनिर्वाचित जनप्रतिनीधिहरु, सवै राजनितिक दलहरु, सरकारी तथा गैर सरकारी सामाजिक संघ संस्थाहरु, शिक्षक, नागरीक समाज, वुद्धिजिवी, उद्योगी, व्यापारी, पत्रकार, युवा क्लव र सम्पूर्ण गाउँपालिकावासी आमा वुवा, दाजुभाई दिदीवहिनी, कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी साथीहरु र सम्पूर्ण सरोकारवालालाई हार्दिक धन्यवाद दिदै आगामी दिनहरुमा अझवढि सहयोगको अपेक्षा गर्दछौ ।

अन्तमा यो पाश्र्वचित्रलाई सफलतापुर्वक लेखन, विश्लेषण तथा अनुसन्धान गर्ने जिम्मेवारी वहन गरि तयार पार्न सहयोग गर्नु हुने परामर्शदातालाई विशेष धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

देवी कुमारी पाण्डे बुर्लाकोटी
उपाध्यक्ष
त्रिपुरासुन्दरी गाउँपालिका

# संक्षिप्त विवरण

# विषय सूची


प्रकाशकीय ........ 2

मन्तव्य ........ 3

मेरो भनाई ........ 4

संक्षिप्त विवरण ........ 6

विषय सूची ........ 7

परिच्छेद १: परिचय........ 9

१. पृष्ठभूमि........ 9

१. १ पाश्र्वचित्र तयारीको औचित्य........ 9

१.२ उद्देश्य........ 10

१.३ कानुनी तथा नीतिगत आधारहरु ........ 10

१.४ तयारीका चरण ........ 11

१.४.१ वस्तुस्थिती विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी ........ 12

१.४.२ वस्तुगत विवरण तयारी कार्यशाला........ 12

१.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन ........ 12

१.४.४ तथ्याङ्क संकलन तथ्याङ्क प्रशोधन तथा विश्लेषण........ 12

१.४.५ श्रोत नक्शा तयारी ........ 13

१.४.६ वस्तुगत विवरणको मस्यौदा तयारी........ 13

१.४.७ वस्तुगत विवरण सुझाव संकलन........ 13

१.४.८ वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी........ 13

१.५ वस्तुगत विवरणको सीमा ........ 13

परिच्छेद २: गाउँपालिकाको चिनारी........ 14

२. पृष्ठभूमि........ 14

२.१ भौगोलिक अवस्थिति ........ 15

२.२ ऐतिहासिक चिनारी तथा नामाकरण ........ 15

२.३ राजनीतिक अवस्थित........ 15

२.४ धरातलीय अवस्था........ 16

२.५ माटो........ 17

२.६ हावापानी ........ 18

२.५ भु–उपयोगको बिवरण ........ 20

२.६ प्राकृतिक सम्पदा........ 20

२.७ नदीनाला........ 22

२. ७ खनिज ........ 24

२.८ वन्यजन्तु ........ 24

२.९ साँस्कृतिक उत्कृष्टता ........ 25

२.१० व्यापारिक महत्वका स्थानहरु ........ 26

२.११ विकास सम्भावना तथा चूनौतिहरु ........ 27

परिच्छेद ३ :पारिवारिक विवरण तथा जनसंख्याको अवस्था ........ 29

३. पृष्ठभूमि ........ 29

वडा अनुसार जनसंख्या ........ 30

उमेरसमूह अनुसार जनसंख्या ........ 31

# परिच्छेद १: परिचय

## १. पृष्ठभूमि

नेपालको संविधान २०७२ जारी भई सो अनुसार राज्यका तीनवटै तहका सरकारहरू क्रियाशील भएसँगै राज्यव्यवस्थाको रुपान्तरण संस्थागत भएको छ । स्थानीय स्तरको समावेशी विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा नै प्रतिवद्ध एवम् सक्षम नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीय शासन प्रणालीलाई सुदृढीकरण गर्न तथा सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न स्थानीय सरकारहरु संविधान प्रदत्त अधिकारहरुलाई स्थानीय तहमा कार्यान्वयन गर्न र सोको संस्थागत विकास गरी सेवाहरुलाई नियमित, गुणस्तरीय, प्रभावकारी र भरपर्दो वनाउन निरन्तर क्रियाशिल भईरहेका छन । स्थानीय तहहरुको विकास–निर्माण कार्य स्थानीय जनताहरु मार्फत होस् र विकासको प्रतिफल पनि तिनै स्थानीय जनताहरुले सजिलै उपभोग गर्न पाउन भन्ने सरकार तथा स्थानीय जनचाहना अनुरुप हाल स्थानीय सरकारहरुलाई तिनै किसिमको (व्यवस्थापकिय, कार्यपालिका तथा न्यायीक) शासकिय अधिकारहरु प्रदान गरिएको छ । जस्ले गर्दा स्थानीय स्तरमा गुणस्तरीय सेवा सुविधाहरु व्यवस्थित र प्रभावकारी तरीकाबाट प्रवाह हुनसक्छ । उपरोक्त तथ्यहरुका आधारमा स्थानीय तहहरुको मुख्य भूमिका भनेकै सम्वन्धित क्षेत्रहरुमा वसोवास गर्ने जनताहरुलाई सहज र प्रभावकारी सेवा प्रवाह गरी उनीहरुको सामाजिक, आर्थिक स्तरमा सुधार ल्याउनु नै हो । गांउपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउनमा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरुको ठुलो भूमिका रहेको हुन्छ । यस्तो गहन भूमिका र जिम्मेवारी वहन गर्ने क्रममा निर्वाचित जनप्रतिनिधिहरुले आफ्नो स्थानीय तहहरुकालागि दीर्घकालीन सोचका आधारमा तथ्याङ्क संकलन, विश्लेषण र त्यसका आधारमा विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ । अतः गांउपालिका वस्तुगत पाश्र्वचित्रले तथ्याकिंय आधारहरु प्रश्तुत गर्ने हुंदा नीति निर्माता तथा कार्यान्वयनकता दुवैलाई मार्ग प्रश्स्त गर्दछ । यसै तथ्यलाई अवलम्वन गरी त्रिपुरासुन्दरी गाँउपालिकाले वस्तुगत पाश्र्वचित्र तयार गर्ने कार्य अगाडी वढाएकोछ ।

## १. १ पाश्र्वचित्र तयारीको औचित्य

संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सुचीकृत गरेको छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदनले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, बेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क, सम्भाव्य, प्राकृतिक, भौतिक र साँस्कृतिक श्रोत साधनको तथ्याङ्कीय अभिलेख, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनलाई स्थानीय तहको कार्य क्षेत्र भनी उल्लेख गरेको छ । यसका अलावास्थानीय सरकार संचालन ऐन २०७४ तथा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले स्थानीय तहलाई आ–आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरु तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सो अनुसार स्थानीय तहको रणनीतिक, आवधिक एवं वार्षिक योजना तर्जुमा र नतिजा अनुगमनको लागि क्षेत्रगत स्थिति सहित स्थानीय तहको वस्तुगत विवरण तयारी आवश्यक रहेको छ । उक्त विवरणमा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासका क्षेत्रमा स्थानीय तह भित्र रहेका भौतिक,

प्राकृतिक, धार्मिक, साँस्कृतिक, सामाजिक, मानवीय श्रोत साधनहरुको तथ्याङ्कको विश्लेषण र प्रस्तुती संलग्न हुन आवश्यक छ।

उपरोक्त संबैधानिक तथा कानुनी व्यवस्था अनुसार स्थानीय तहको विस्तृत र खण्डीकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गर्न आधारभूत प्रक्रिया, विधि र फारामहरु सहितको वस्तुगत विवरण तयारी कार्यविधि, २०७५ जारी भएको छ। कार्यविधिको प्रमुख उद्देश्य प्रत्येक स्थानीय तहहरुले विकास प्रक्रिया तथा सेवा प्रवाहका लागि नीति, योजना तथा कार्यक्रमहरु तयार गर्न अत्यावश्यक आधारभूत तथ्याङ्क, सूचना वा विवरण संकलन, विश्लेषण तथा व्यवस्थापनका न्यूनतम विषयहरुमा एकरुपता र स्तरीयता कायम गरी तथ्याङ्क संकलनका पद्धति, प्रक्रिया, औजार तथा प्रक्रियाहरु निर्धारण गरी स्तरीय ढाँचामा गाउँ वा नगर वस्तुगत विवरण तयारी गर्न दिशानिर्देश प्रदान गरेको छ।

स्थानीय तहको योजना तर्जुमा तथा अनुगमनलाई सूचनामा आधारित, व्यवस्थित, एकीकृत, नतिजामूलक, सहभागितामूलक र प्रभावकारी बनाउन वस्तुगत विवरणले निर्णयकर्ता तथा विकास प्रदायक संस्थालाई महत्वपूर्ण आधार प्रदान गर्दछ। तसर्थ वस्तुगत विवरणमा योजना तर्जुमा, नतिजा अनुगमन तथा सेवा प्रवाहको लागि आवश्यक आधारभूत विवरण संकलन गर्ने र निश्चित अवधिमा त्यसलाई अद्यावधिक गर्दै उपलब्ध स्रोत साधनको समुचित उपयोग सुनिश्चित गर्नुपर्ने हुन्छ। सोही अवधारणा अनुरुप सूचना प्रविधिमा आधारित वस्तुगत विवरण संकलन, भण्डारण, प्रशोधन र विश्लेषणका आधारमा वस्तुगत विवरण प्रकाशन र अद्यावधिक गर्नु नै आर्थिक दृष्ट्रिले समेत दीगो सूचना व्यवस्थापन हुने लक्षका साथ त्रिपुरासुन्दरी गाउँपालिकाको पाश्र्वचित्र तयार गरिएको हो।

## १.२ उद्देश्य

यस पाश्र्वचित्र तयारीको मुख्य उद्देश्य त्रिपुरासुन्दरी गाउँपालिकाको वस्तुस्थितिको पहिचान गर्नु हो। त्रिपुरा सुन्दरी गाउँपालिकासंग सम्बन्धित आर्थिक, सामाजिक, भौतिक, भौगोलिक आदि विभिन्न वस्तुस्थितिको पहिचान तथा विश्लेषण गरी स्थानीय तहको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन लगायत अनुगमन मुल्यांकनमा सहयोग पु¥याउनु रहेकोछ। गाउँपालिका पाश्र्वचित्रको विशिष्ट उद्देश्यहरु निम्न बमोजिम रहेका छन्।

- भौगोलिक, प्रशासनिक, सामाजिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक, धार्मिक, ऐतिहासिक, पूर्वाधार पँहुच, लगायत विकासको सन्दर्भमा समुदायको विद्यमान अवस्थाको विश्लेषण गर्नु।
- त्रिपुरा सुन्दरी गाउँपालिको दीर्घकालीन योजना तथा नीति निर्माण लगायत योजना तथा कार्यक्रम छनौट र बाडफाँडमा सहयोग पु¥याउनु।
- सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरुसँग सम्बन्ध बढाउन सहज हुने हुंदा आपसी सहयोगको वातावरण निर्माण गर्नु।
- गाउँपालिका भित्र रहेका स्रोत साधन लगायत अवस्थाको बारेमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ता, योजनाकार, संघसंस्था एवं गाउँपालिकाको विकासमा जिज्ञासा राख्ने व्यक्तिहरुलाई महत्वपुर्ण क्षेत्र, सम्भावना र समस्याहरुको बारेमा अवगत गराउने दस्तावेज तयार गर्ने।

## १.३ कानुनी तथा नीतिगत आधारहरु

स्थानीय सरकार सञ्चालन ऐन २०७४ :दफा १२ को उपदफा २ को खण्ड ख मा खण्डिकृत तथ्यांक र सूचना सहितको वडाको पाश्र्रचित्र तयार र अद्यावधिक गर्ने भनि उल्लेख गरिएको छ। त्यस्तै, स्थानीय तहको योजना तथा बजेट तर्जुमा

दिग्दर्शन, २०७४ अन्तर्गत तयार गरिएको कार्यविधिको क्रमसंख्या १ मा "प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जूमा सहभागितामुलक प्रक्रियाबाट नतिजामुलक ढंगले बनाउनु पर्ने र योजना र बजेट तर्जूमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिती देखिने गरी वस्तुगत विवरण तयार गर्नु पर्ने छ "भनि प्रष्ट रुपमा उल्लेख गरिएको छ । यसका अलावा, गाउँ वस्तुगत विवरण तयारी कार्यविधि २०७४ तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्र भित्रका भौतिक, सामाजिक, आर्थिक, साँस्कृतिक, वातावरणीय, संस्थागत तथा वित्तीय जस्ता विषय क्षेत्रगत स्थिति झल्कने विवरण सर्वेक्षण तथा संकलन गरी स्तरीय गाउँ वस्तुगत विवरणको तयार गर्नका लागि सवै स्थानीय तहहरुलाई निर्देश गरेकोछ ।।

वस्तुगत विवरण तयारीका लागि सूचना संकलन र विश्लेषण गर्नु पर्दछ । संकलन गरिएका सुचनालाई यथार्थपरक ढंगले राखी वस्तुगत विवरण तयार गर्दा त्यसले स्थानीय तह लगायत अन्य सरोकारवालाहरुवाट विकास क्रियाकलाप संचालन गर्न ठुलो सहयोग पु¥याउँदछ । यसरी तयार पारिने वस्तुगत पाश्र्वचित्र प्राथमिक तथा द्वितीय सूचना तथ्याकंमा आधारित हुन्छन । प्राथमिक सूचना आफैले सम्बन्धित क्षेत्रमा गएर संकलन गरिन्छ भने अरुले संकलन गरेको सूचनालाई द्वितीय सूचना भनिन्छ । यी सूचनाहरुलाई संकलन, प्रशोधन (तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्ने सम्मका सम्पूर्ण कार्यहरु सूचना व्यवस्थापन अन्र्तगत पर्दछन । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा निकाल्न र प्रयोग गर्न सकिने हुनुपर्दछ ।

गाउँपालिकाको विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा स्थानीय तहको भूमिका अत्याधिक मात्रामा बढिरहेको सन्दर्भमा गाउँपालिकामा विकास सम्बन्धी सूचना व्यवस्थापन गाउँपालिकाले गर्नुपर्ने एक महत्वपूर्ण कार्य हो । हाल संघीय मन्त्रालयवाट समेत नेपालका सबै गाउँपालिका र नगरपालिकाका लागि वस्तुगत विवरण तयारीका लागि स्पष्ट खाँका तयार गरि सवै स्थानीय तहमा पठाई सकेको हुंदा तयार गर्न चाहने स्थानीय तहका लागि वस्तुगत विवरण तयार गर्न सहयोगी हुने र विगतमा रहेको अपूर्ण र एकरुपताको अभाव तथा कठिनाईलाई हटाउन सक्ने देखिन्छ । विविध पक्षहरुको वास्तविक स्थितिको तथ्याङ्क र सूचना विना कुनै पनि योजनाको सही छनौट हुन सक्दैन । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि पुर्व तयारी गर्न समेत पाश्र्वचित्रले सहयोग गर्दछ ।

## १.४ तयारीका चरण

गाउँपालिकाको वस्तुगत विवरण तयार गर्दा विशेष गरी घरधुरी सर्वेक्षणमा आधारित भई गाउँपालिका भित्र रहेका सबै वडाहरुको घरधुरी सर्वेक्षण गरी प्रतिवेदन तयार गरिएको छ । साथै साविकका गा.वि.स.हरुका वस्तुगत विवरणहरुको अध्ययन, सहस्राब्दी विकास लक्ष्य तथा सूचकहरुको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन, आवधिक योजना तर्जुमा निर्देशिका आदि सामग्रीहरुको अध्ययन, गाउँपालिकाका वडाहरुको स्थलगत भ्रमण तथा अवलोकन लगायत यस क्षेत्रमा कार्य गरेका अनुभवी विज्ञहरुसँग गरेको परामर्श आदि प्रमुख रहेका छन् ।

पाश्र्वचित्र तयारीको लागि विभिन्न अध्ययन विधिहरुको प्रयोग गरिएको छ । यस क्रममा घरधुरी सर्वेक्षण २०७५, राष्ट्रिय जनगणना २०६८, राजपत्रमा प्रकाशित सूचना, जिल्ला समन्वय समिति धादिङ, समुहगत छलफल तथा अन्र्तक्रिया लगायत सामाजिक अध्ययनका विश्लेषणका विवरणहरुको उपयोग तथा प्रयोग गरिएको छ । यसैगरी,

स्थानीय तहमा उपलब्ध प्रकाशित तथा अप्रकाशित द्धितीय सुचनाका श्रोतहरु, विभिन्न संघसंस्थाका प्रतिवेदनहरु लगायत भौगोलिक सुचना प्रणालीको समेत प्रयोग, अध्ययन तथा विश्लेषण गरी समग्र त्रिपुरासुन्दरी गाउँपालिकाको अवस्था झल्कने गरी सिंगो पाश्र्वचित्र तयार गरिएको छ। विशेष गरी यसका चरणहरुलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ।

| | |
|---|---|
| वस्तुगत विवरण तयारी र प्रकाशन | **सातौ चरण** |
| वस्तुगत विवरण प्रमाणीकरण कार्यशाला | **छैटौ चरण** |
| वस्तुगत विवरण मस्यौदा तयारी | **पाँचौ चरण** |
| तथ्याङ्क विश्लेषण, प्रस्तुती तथा श्रोत नक्शा तयारी | **चौथो चरण** |
| सर्वेक्षण वा तथ्याङ्क संकलन | **तेश्रो चरण** |
| वस्तुगत विवरण तयारी कार्याशाला | **दोश्रो चरण** |
| वस्तुगत विवरण ढाँचा, सर्वेक्षण औजार र विधि तयारी तथा स्वीकृती | **पहिलो चरण** |

### १.४.१ वस्तुस्थिती विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी

### १.४.२ वस्तुगत विवरण तयारी कार्यशाला

त्रिपुरासुन्दरी गाउँपालिकाको वस्तुस्थितीलाई चित्रण गर्ने क्रममा विभिन्न चरण तथा विधिलाई मध्यनजर गर्दै गाउँपालिका पाश्र्वचित्रलाई कसरी तथ्यपुर्ण बनाउन सकिन्छ भन्ने उद्देश्यका साथ मिति २०७५ चैत्र ३ गते गाउँपालिकाका सरोकारवालाहरु बिचमा पाश्र्वचित्र सम्वन्धी अवधारणा, गाउँपालिकावाट उपलव्ध कार्यविवरण तथा पाश्र्वचित्र तयारी गर्ने ICT सम्वन्धी विधिको छलफल गरी पाश्र्वचित्रलाई तथ्यपरक बनाउने निर्णय सहित कार्यशाला गोष्ठी सम्पन्न गरियो।

### १.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन

त्रिपुरासुन्दरी गाउँपालिकाको पाश्र्वचित्र तयार गर्ने क्रममा अपनाइएको मुख्य विधि प्राथमिक तहको घरधुरी सर्वेक्षण हो। तसर्थ, सो कार्यका लागि प्रत्येक वडाबाट दक्ष जनशक्तिहरुको गणकका रुपमा चयन गरी घरधुरी सर्वेक्षणका लागि छनोट गरिएको हो। सर्वेक्षणको क्रममा आउन सक्ने सम्भावित कठिनाईहरुको पुर्वानुमान गरी सोही अनुरुप परिस्थितिलाई सम्हाल्न सक्ने वातावरण तथा मनस्थिति सिर्जना गरी उनीहरुलाई अभिमुखिकरण तालिम तथा प्रशिक्षण समेत उपलव्ध गराई घरधुरी सर्वेक्षण कार्यको थालनी तथा परिचालन गरिएको थियो।

### १.४.४ तथ्याङ्क संकलन तथ्याङ्क प्रशोधन तथा विश्लेषण

त्रिपुरा सुन्दरी गाउँपालिकाको पाश्र्वचित्र निर्माण गर्ने क्रममा घरधुरी सर्वेक्षण विधिबाट पाश्र्वचित्र निर्माण गर्ने निर्णय अनुरुप हाल प्रविधिमा देखा परेको तथा अत्यन्तै उपयोगी मोबाइल एप्सको (Mobile Apps) माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो र सोहि सफ्टवेयरको माध्यमद्धारा तथ्याङ्क सश्लेषण। विश्लेषण तथा प्रशोधन गर्ने काम गरिएको हो।







### १.४.५ श्रोत नक्शा तयारी

### १.४.६ वस्तुगत विवरणको मस्यौदा तयारी

तथ्याङ्क संकलन, विश्लेषण, सश्लेषण तथा प्रशोधन पश्चात वस्तुस्थितिको एउटा प्रारम्भिक खाँका तयार भएको हुन्छ । यो चरण पार्श्वचित्र निर्माणको संवेदनशील पक्ष हो । प्राप्त सम्पुर्ण तथ्याङ्कहरुको तथा विषयवस्तुको समायोजन पछि तथ्याङ्कको तथा विषयवस्तुको क्रमबद्धतालाई एउटा खाँकामा ढालेर मस्यौदा प्रतिवेदन तयार पारेर गाउँपालिकामा पेश गरिएको थियो ।

### १.४.७ वस्तुगत विवरण सुझाव संकलन

मस्यौदा प्रतिवेदन पेश गर्नुको मुख्य उद्देश्य भनेको नै केहि सुझाव तथा जानकारी संकलन गरी पार्श्वचित्रलाई पुर्णरुप दिनु नै हो । यसै सन्र्दभमा मस्यौदा प्रतिवेदन तयार पश्चात पार्श्वचित्र तयारीका आधिकारिक व्यक्तित्वहरुको सुझाव तथा सल्लाहलाई संकलन गर्ने कार्य गरिएको थियो जसले गर्दा गाउँपालिका पार्श्वचित्रलाई मुर्तरुप प्रदान गर्नसहज भएको थियो ।

### १.४.८ वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी

मस्यौदा प्रतिवेदन पेश गरेको केहि समय पश्चात त्रिपुरा सुन्दरी गाउँपालिकाका निर्वाचित जनप्रतिनिधी, गाँउ कार्यपालिकाका सदस्यहरु तथा गाउँपालिकामा कार्यरत कर्मचारी, बिषयगत कार्यालय तथा बिभिन्न तह तथा समुहबाट प्राप्त सल्लाह, सुझाब तथा प्रतिवेदन लेखनको क्रममा देखापरेका कमी कमजोरी तथा त्रुटिहरुलाई सच्याउदै पुन अन्तिम पार्श्वचित्र लेखन तथा निर्माण कार्य सम्पन्न गरिएको छ ।

### १.५ वस्तुगत विवरणको सीमा

त्रिपुरासुन्दरी गाउँपालिकाको वस्तुगत विवरण तयारीका लागि ढाँचा तयार गर्ने क्रममा प्राप्त विभिन्न विषयक्षेत्रको सैद्धान्तिक अध्ययन गरिएको भएता पनि वास्तविक रुपमा सम्बन्धित क्षेत्रमा परीक्षण गर्न बाँकी रहेको हुनाले सुधार गर्नुपर्ने हुन सक्छ । यसैगरी भौगोलिक, सामाजिक, धार्मिक, सास्कृतिक, आर्थिक, प्राकृतिक आदि विविधता भएको क्षेत्रको सम्पूर्ण पक्ष नसमेट्न सक्छ भने कतिपय उल्लेखित सवै फारामहरु गाउँपालिकामा उपयोग नहुन सक्छ ।

# परिच्छेद २: गाउँपालिकाको चिनारी

## २. पृष्ठभूमि

नेपालको कुल भौगोलिक क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर मध्ये २०,३०० वर्ग किलोमिटर ९१४ प्रतिशत भुभाग प्रदेश नम्बर ३ ले ओगटेको छ । नेपालको संविधान २०७२ को अनुसूची ३ मा उल्लेख भए अनुसार प्रदेश नं. ३ मा १३ जिल्ला (दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, भक्तपुर, ललितपुर र काठमाडौं), ३ महानगरपालिका, १ उपमहानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिका रहेकाछन् । पछिल्लो जनगणना २०६८ अनुसार यस प्रदेशमा ४५ लाख २३ हजार १८ प्रतिशत जनसङ्ख्या रहेको तथ्याङ्क छ । यसै प्रदेशमा नेपालको केन्द्रिय राजधानी समेत भएको  र विकासको दृष्टिकोणले समेत प्रदेश नं ३ को महत्व अन्य प्रदेशको तुलनामा व्याापक रहेकोछ । विकासको अवस्थालाई हेर्दा यो प्रदेश सडक सञ्जाल अन्तर्गत तेस्रो नम्बरमा आउँछ । जसमा २,३८० किलोमिटर सडक अर्थात कुल नेपालको १९ प्रतिशत सडक सञ्जाल परेको छ । यद्यपि, यो प्रदेशमा कालोपत्रे सडक नेपालमै सबैभन्दा लामो अर्थात १,५१२ किलोमिटर छ । त्यस्तै, सञ्चालनमा रहेका जलविद्युत आयोजनाहरुको प्रादेशिक वितरण हेर्दा प्रदेश नं ३ सबैभन्दा अगाडि देखिन्छ । जसमा हाल ३२५ मेगाबाट बिजुली उत्पादन भइरहेको छ । खानी तथा उत्खननमा सबैभन्दा अगाडि ४१ प्रतिशत तथा विद्युत, ग्यास तथा पानीमा ३४ प्रतिशत योगदान दिन्छ । औद्योगिक क्षेत्रहरु निर्माण, थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, यातायात सञ्चार तथा भण्डारण, वित्तीय मध्यस्थता, रियल स्टेट तथा व्यवसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवामा सवैभन्दा धेरै योगदान दिने यही प्रदेश पर्दछ । पर्यटन गन्तव्यको हिसाबले समेत सबैभन्दा अगाडि प्रदेश नं ३ आउँछ । यहाँ चितवन राष्ट्रिय निकुन्ज, शिवपुरी नागार्जुन राष्ट्रिय निकुन्ज, लाङटाङ राष्ट्रिय निकुन्ज र गौरी शंकर संरक्षण क्षेत्र पर्दछन् । गौरी शंकर, लाङटाङ र जुगल हिमाल श्रृंखला, गोसाइँकुण्ड ताल तथा ऱ्यफ्टिङका लागि चर्चित भोटेकोशी र त्रिशुली नदी पनि यहाँ छन् ।

विकास तथा स्रोतको अपार संभावना वोकेको प्रदेश नं ३ अन्तर्गतको धादिङ जिल्ला प्रदेश नं. ३ मा १३ वटा जिल्लाहरु  मध्ये ज्यादै संभावना वोकेको जिल्ला हो । उत्तरको हिमालय पर्वतदेखि दक्षिणको महाभारत सम्म फैलिएको नेपालको एकमात्र जिल्लाको रुपमा परिचित धादिङ जिल्लाको सदरमुकाम धादिङबेशी हो । भौगोलिक अवस्थितीलाई हेर्दा धादिङ जिल्लाको पूर्वमा काठमाडौँ, नुवाकोट र रसुवा जिल्ला, पश्चिममा गोरखा जिल्ला, उत्तरमा रसुवा जिल्ला र चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा चितवन र मकवानपुर जिल्लाहरु रहेकाछन । राजनैतिक रुपमा हेर्दा धादिङ जिल्लामा २ वटा निर्वाचन क्षेत्र,  २ नगरपालीका र ११ वटा गाउँपालिका रहेका छन । २०६८ सालको जनगणना अनुसार यहाँको कुल जनसंख्या ३,३६,०६७ रहेको छ । कुल १९२४.९ वर्ग कि.मी क्षेत्रफल ओगटेको यो जिल्ला प्रसिद्ध गणेश हिमालको काखमा रहेको छ । ७११० मी. अग्लो पाविल हिमाल यहाँको सवैभन्दा उच्च र जोगिमारा ३०० मी. कम उचाईको भूभाग हो । बि.स.२०६८ को जनगणना अनुसार ७३,८५१ घरधुरी संख्या र ३,३६,०६७ जनसंख्याले बसोबास गर्ने यो जिल्ला मनोरम हिमदृश्य, हिमालय पर्वतबाट उत्पति भई जिल्लाको लगभग बीच भागमा अविरल बग्ने त्रिशुली,  आंखु र बुढीगण्डकी को सौन्दर्यता,  चरण क्षेत्र,  टारहरुको मनमोहक स्थितिले धादिङ जिल्ला प्राकृतिक सम्पदा,  सांस्कृतिक विविधता एवं सामाजिक संयोजन रूपी संगमस्थलको रुपमा पनि

परिचित छ । यस जिल्लाका मुख्य बजारहरुमा धादिंगबेंसी, आरुघाट, किन्तांगफेदी, गजुरी, मलेखु, रेनी, आदमघाट, चरौदी, बेनिघाट, जोगीमारा, महादेवबेंसी, कटुन्जे, रिग्ने, खहरे बजार, सल्यानटार आदि रहेका छन् ।

त्रिपुरासुन्दरी गाँउपालिका प्रदेश नं ३ अन्तर्गत धादिङ् जिल्लामा पर्दछ । यस गाउँपालिकाको नामाकरण साविकको सल्यानकोट गा.वि.स मा रहेको प्रसिद्ध भगवति मन्दिर त्रिपुरासुन्दरी माईको नामबाट नामाकरण गरिएको हो । वि. स. २०७३ सालमा राज्य पूर्नसंरचनाको निर्णय अनुरुप धादिङ् जिल्लामा रहेका साबिकका पांच गाविसहरु (सल्यानटार, आगिन्चोक, मुलपानी, सल्यानकोट , र त्रिपुरेश्वर) समाबेश गरी हालको त्रिपुरासुन्दरी गाउँपालिका निर्माण गरिएको हो ।

## २.१ भौगोलिक अवस्थिति

धादिङ जिल्लाको उत्तर पश्चिमी भेगमा वुढीगण्डकी नदीको काखमा उत्तर देखि दक्षिण सम्म करिव ५०० देखि १४२० मिटर सम्मको उचाइमा अवस्थित त्रिपुरासुन्दरी गांउपालिकाले कुल १९२४.९ वर्ग कि.मी. क्षेत्रफल जमिन ओगटेकोछ । भौगोलिक वनावट हेर्दा यहां नदी किनारका वेंसी, फांटहरु देखि पहाडी धरातलसम्म रहेका छन । यहांको सम्पूर्ण भौगोलिक अवस्थालाई पहाडी भूभागको रुपमा परिभाषित गर्न सकिन्छ । सल्यानटार नदी तथा नदी किनारी भागहरु प्रशस्त अन्न उत्पादनका क्षेत्रहरु हून भने उत्तरपुर्बी क्षेत्र उच्च पहाडी भेगहरु हून ।

यो गांउपालिकाको पश्चिम गोरखा जिल्लाको पुर्बि सीमानामा बुढी गण्डकी नदी प्रवाहित भईरहेकोछ । त्यस्तै बुढी गण्डकी नदी र आँखुखोलाको काखमा नेपालको दोश्रो ठूलो टार सल्यानटार अवश्थित छ । यस टारको वरीपरी गोरखा र धादिंग जिल्लाका तह तह परेका दर्जनौ पहाडहरु छन् भने यहाँबाट गणेश हिमाल, मनास्लु, धौलागिरी लगायतका आधा दर्जन भन्दा बढी प्रमुख हिमालयहरु प्रत्यक्ष रुपमा देख्न सकिन्छ ।

## २.२ ऐतिहासिक चिनारी तथा नामाकरण

ऐतिहासिक भगवति मन्दिर त्रिपुरासुन्दरीको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको पाईन्छ । यो ऐतिहासिक मन्दिरको महिमा परापूर्व कालदेखिनै रहेको जनश्रुति अनुसार थाहा पाउन सकिन्छ, तथापि यस मन्दिरको नाममा रहेको ७०० रोपनी जमिन गुठी स्वरूप रहेको तथ्य र राष्ट्र निर्माता पृथ्वीनारायण शाहसँग मैदीकोट, सल्यानकोट, कानाकोट जस्ता ठाउँहरूको प्रसंग जोडिएको हुंदा तात्कालिन समयमा गोरखा राजघरानासंग यस मन्दिरको सम्वन्ध रहेको पाईन्छ ।

## २.३ राजनीतिक अवस्थित

त्रिपुरासुन्दरी गाँउपालिकामा जम्मा सात वटा वडाहरु रहेका छन् । जिल्ला सदरमुकाम धादिङ्गबेशीबाट ३० किलोमीटर उत्तरपश्चिम तर्फ अवस्थित यस गाउँपालिका, २७१.२३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । राज्य पुर्नसंरचना संगै वि.स. २०७३ सालमा साविकको जम्मा पांच ओटा गाविसहरु (सल्यानटार, आगिन्चोक, मुलपानी, सल्यानकोट र त्रिपुरेश्वर) समाबेश गरी नेपाल सरकारबाट त्रिपुरासुन्दरी गाँउपालिकाको रुपमा स्थापना भएको हो, भने गाउँ कार्यपालिकाको कार्यालय साबिकको सल्यानटार गाबिस भवनमा रहेको छ । यस गाउँकार्यपालिकाको पूर्वमा नेत्रावती र गंगाजमुना गाउँपालिका, पश्चिममा गोर्खा जिल्ला उत्तरमा गंगाजमुना गाउँपालिका र दक्षिणमा ज्वालामुखी र नेत्रावती गाउँपालिका तथा निलकण्ठ नगरपालिका पर्दछ । यो गाँउपालिका संघीय संसदीय निर्वाचन प्रणाली अन्तर्गत निर्वाचन क्षेत्र नं २ र प्रदेश निर्वाचन प्रणाली अन्तर्गतपनि निर्वाचन क्षेत्र नं २ मै पर्दछ ।

यस गाउँपालिकाको जम्मा जनसंख्या २२,९६० रहेकोछ भने यहांका वासिन्दाहरु विशेष गरी कृषि पेशामा निर्भर रहेका छन् भने केहि मात्रामा सरकारी सेवा, व्यापार व्यवशाय, वैदेशिक रोजगार, सिकर्मी तथा डकर्मीमा निर्भर छन् । धादिङबेशीबाट त्रिपुरासुन्दरीसम्म पुग्नको लागि विगतमा हिउदे सडकको प्रयोग गरिदै आईएकोमा हाल यस सडकको स्तर वृद्धि गरी आवतजावतलाई भरपर्दो वनाउन थालिएकोछ । तथापि, गाँउपालिकाका अन्य क्षेत्रहरुमा जानलाई वर्षातको मौसममा यातायातका साधनहरु आवतजावतमा कठिनाई हुने भएता पनि अन्य मौसममा अवस्था सामान्य रहन्छ । त्यस्तै गाउँपालिकाको कार्यालयबाट वडा कार्यालयहरुमापनि पुग्नका लागि कच्ची बाटोहरुको व्यवस्था रहेको भएता पनि वर्षातको समयमा भने आवतजावत गर्नको लागि सवारी साधनहरुलाई असम्भव प्रायः देखिन्छ । ऐतिहासिक, भौगोलिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक रुपले यो गाउँपालिकाले निकै सम्भावना बोकेको छ ।

तालिका नं : त्रिपुरासुन्दरी गाँउपालिकाको राजनैतिक तथा प्रशासनिक विवरणको साराशं:

| क्र.स. | विवरण | मापन |
|---|---|---|
| १. | दीर्घकालिन सोंच | कृषि, जलस्रोत, पर्यटन सम्वृद्ध समाज त्रिपुरासुन्दरीको आधार त्रिपुरासुन्दरीवासीको रहर, व्यवस्थित सुविधा सम्पन्न सल्यानटार शहर |
| २. | कूल क्षेत्रफल | २७१. २३ वर्ग किलोमिटर . |
| ३. | अक्षांश | २८० ३१” देखि २८० ५३ ” उत्तरी अक्षाँश |
| ४. | देशान्तर | ८२० ०” देखि ८२० ४६”सम्म पूर्वी देशान्तर |
| ५. | प्रदेश | ३ नं |
| ६. | जिल्ला | धादिङ |
| ७. | जिल्लाको कूल भूभाग मध्ये त्रिपुरासुन्दरी गांउपालिकाको क्षेत्र | प्रतिशत |
| ८. | साविकका गा।वि।स | पांच ओटा गाविसहरु (सल्यानटार , आगिन्चोक, मुलपानी, सल्यानकोट, र त्रिपुरेश्वर) |
| ९. | गाँउपालिकाको पूर्व भागमा | नेत्रावती र गंगाजमुना गाउँपालिका |
| १०. | गाँउपालिकाको पश्चिम भागमा | गोरखा जिल्ला |
| ११. | गाँउपालिकाको उत्तर भागमा | गंगाजमुना गाउँपालिका |
| १२. | गाँउपालिकाको दक्षिणी भागमा | ज्वालामुखी, नेत्रावती गाउँपालिका तथा निलकण्ठ नगरपालिका |
| १३. | वार्ड संख्या | ७ |
| १४. | संसदीय निर्वाचन क्षेत्र | २ |

**स्रोतः** *त्रिपुरा सुन्दरी कार्यालय, २०७१*

## २.४ धरातलीय अवस्था

त्रिपुरासुन्दरी गाँउपालिका पूर्णरुपमा महाभारतीय पर्वत क्षेत्रमा पर्ने हूंदा यहांको सम्पूर्ण धरातलमा पर्वतिय विशेषता झल्कन्छ । यहांको भू–धरातलिय अवस्थालाई हेर्दा टार, वारी, फांट, थुम्का, डांडा तथा भिर र पहराहरु रहेकाछन । सल्यानटार, गोलाङ्टार, चुरेटार, थामाडांडा, ह्यापथोक, काष्टेखोला फांट, ह्यापुर्गे खोला फांट, थामाडांडा, आगिन्चोक डांडा, काफल डांडा, पथला डांडा, भदौरे डांडा, सति डांडा, पिङ डांडा, घ्याम्पे डांडा आदि प्रमुख भूधरातलिय क्षेत्रहरु हुन । भू धरातलिय आधारमा यस गांउपालिकालाइ २ भागमा विभाजन गर्न सकिन्छः

**क) वेशी क्षेत्र :** धरातलिय उचाईका आधारमा ५०० देखि १२०० मिटर सम्मको उचाइमा यस गाँउपालिकाको वेशी क्षेत्र अवस्थित छ । गांउपालिका सदरमुकाम सल्यानटारपनि यसै वेशी क्षेत्र अन्तर्गत पर्दछ । गाँउपालिकाको पश्चिम

सीमानामा प्रवाहित बुढी गण्डकी नदी लगायत अन्य खोलाको किनारमा अवस्थित बेंसी तथा टारहरू गांउपालिकाका प्रमूख कृषि उत्पादनका क्षेत्रहरु मानिन्छन । विशेषगरी धान, गहुं, मकै जस्ता अन्न वालीहरु र तरकारी खेतिकालागि समेत वेशी क्षेत्र प्रशिद्ध छ। तथापि, क्षेत्रफलका हिसावले वेशी क्षेत्र न्यून रहेको देखिन्छ। यी टारहरु मानव वस्तिका आदिम सभ्यताका सुरुवाती विन्दुपनि मानिन्छन। नेपालका चर्चित टारहरूमध्येको एक टार सल्यानटार बूढीगण्डकी र आँखु नदीको बीचमा रहेको छ।

**ख) मध्य पहाडी क्षेत्र** : समूद्र सतहवाट १२३१ मिटर देखि ३१०० मिटर सम्मको पहाडी भूभागहरु यस अन्तर्गत पर्दछन । गांउपालिकाको अधिकासं भाग यस क्षेत्र अन्तर्गत पर्दछ । यहां उत्पादन हुने प्रमुख अन्नवालीहरुमा विशेषगरि घैया, मकै, गहूं, जौं, कोदो तथा तेलहन आदिको उत्पादन हूने भएतापनि यो क्षेत्र विशेष गरी अमिलो जातका फलफूलहरु जस्तै सून्तला, मौसम तथा कागतिका लागी प्रशिद्ध मानिन्छ । यहां हिंउद ऋतूमा न्यून तापक्रमको कारण तुलनात्मक रुपमा वेशी क्षेत्र भन्दा जाडो हुने गर्दछ। जडिवुटी तथा खनिज पदार्थको दृष्टिकोणले यो क्षेत्रलाई महत्वपूर्ण मानिन्छ। यस क्षेत्रमा अन्नवाली विशेषगरि मकै, जौं, तरकारी, आलू र फलफूलहरु खेतिको प्रचूर संभावना देखिन्छ।

यस गाउँपालिकाको कुल भू—भागको १९.४५ प्रतिशत भु—भाग ३० डिग्री भन्दा बढी भिरालो रहेको छ। भने ५ डिग्री देखि कम भिरालो रहेको भु—भाग २०.०१ प्रतिशत रहेको छ। यस गाउँपालिकाको कुल भू—भागको ८०.६४ प्रतिशत भु—भागमा वस्ति तथा पूर्वाधार विकास गर्न सकिने देखिन्छ । धरातलिय ढालको कारणले जमिनको उपयोगमा कतिपय उपयोगीताहरु प्राप्त भएको पाईन्छन । भिरालोपना सम्बन्धी थप विवरण देहाएको तालिकामा दिइएको छ।

| क्र.स. | भिरालोपना | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १. | ५ डिग्री सम्म | १६.८८ | २०.०१ |
| २. | ५ डिग्री देखि १५ डिग्री सम्म | १४.३४ | १७.०० |
| ३. | १५ डिग्री देखि ३० डिग्री सम्म | ३६.७५ | ४३.५६ |
| ४. | ३० डिग्री देखि ४५ डिग्री सम्म | १५.२२ | १८.०४ |
| ५. | ४५ डिग्री माथि | १.१८ | १.४० |
| | जम्मा | **८४.३७** | **१००** |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, २०७१*

## २.५ माटो

समाज विकास क्रममा यसको आर्थिक तथा सांस्कृतिक पक्षलाई उजागर गर्न माटोले महान् भूमिका खेलको छ । त्यसमा पनि नेपाल र यस त्रिपुरासुन्दरी गाँउपालिका जहांको बहूसंख्यक जनभार कृषि पेशामा आश्रित छ। यहाँ माटो सर्वदा पूज्य र उल्लेख्य छ। तथापि, यहां माटोको बारेमा कूनै ठोस रुपमा सूक्ष्म रुपमा संभाव्यता अध्ययन भएको छैन। समग्रतामा हेर्दा यहांको माटोको अवस्था चिन्ताजनक अवस्थामा पुगि नसकेको अवस्था् त देखिन्छ। तथापि, माटोको उर्वरा शक्तिमा ह्रास हुँदै गएको अवस्थाले भने यसप्रति सबैको चिन्ता बढेको छ।

माटोको वनावट र उर्वराशक्ति यहांको विद्यमान भौगोलिक स्वरुप तथा भू–संरचनाका आधारमा यहांको माटोको किसिम तथा माटोको बनोटलाई खण्डित चिम्ट्याईलो बालुवायुक्त, चिम्टाईलो कंकडयुक्त चिम्टाईलो माटो र स्कलेटर

चिम्टाइलो माटो गरी ५ किसिमका माटो पाईन्छ । उत्तरी क्षेत्र तथा दक्षिणका कही भिर क्षेत्रको लगभग १५२.५९ वर्ग कि.मी. क्षेत्रको माटोको बनोट तथा संरचना, हिमशिखर तथा भौगर्भिक प्रक्रियाका कारण पहिचान नभएका देखिन्छ । समग्रमा धादिङ जिल्लाका झण्डै ९० प्रतिशत माटो चिम्टाईलो किसिमको छ । यो माटो जिल्लाको पश्चिमी भागमा बुढीगण्डकी र नेत्रावति नदीको किनारी भागमा चिम्टाइलो माटो (Loamy soil) पाइन्छ । यसले १६.२९ वर्ग कि.मी क्षेत्रफल ओगट्दछ । यसका अलावा टार तथा नदी बेशीमा खण्डित बालुवुवा युक्त माटो (Fragmental sandy soil) पनि पाईन्छ ।

माटोमा उर्वरा शक्तिको ह्रास, प्राङ्गारिक पदार्थ घट्दै जानु र माटो माटोमा अम्लीयपना वढदै जानुको कारणले उर्वराशक्ति कमजोर हुंदै गएको पाईन्छ । यस्तै अवस्था रही रह्यो भने ८०–९० वर्ष भित्र कुनैपनि जमिन खेतीयोग्य नरहने वैज्ञानिकहरूको तर्क छ । समग्र देशको अवस्थालाईनै हेर्ने हो भने दस वर्षअघि माटोमा अम्लियपना ६३ प्रतिशत रहेकोमा अहिले ७९ प्रतिशत पुगेको दाबी वैज्ञानिकहरूको रहेको छ । अम्लियपना बढ्दा प्राङ्गारिक पदार्थ घट्छ र उर्वराशक्ति पनि कमजोर हुन्छ । नाइट्रोजन, फस्फोरस र पोटास माटोमा हुने प्राङ्गारिक पदार्थ हुन् । यी बाहेक अन्य १३ प्रकारका सूक्ष्म र सहायक तवले पनि माटोलाई उर्वर बनाउँछन् । समग्र देशको नमूना अध्ययनका आधारमा जि.आई एस. विधिको माध्यमवाट विश्लेषण गर्दा यस गाँउपालिकाको माटोको प्रकार र उर्वरताको बारेमा निम्नानूसार पाइन्छ ।

**क) पांगो माटो :** यहांका नदीबेसीहरुमा पाँगो माटोको प्रचुरता छ । जहां पर्याप्त अन्न उत्पादन र तरकारी बालीको संभावना छ । नदीहरुले बगाई ल्याएको सडेको पातपतिगंर र अन्य कम्पोष्टजन्य पदार्थलाई छेउछाउका तटवर्ति भागमा निक्षेप गर्दै जांदा यी भागहरु अत्यधिक उब्जाउयोग्य रहेका छन् । तथापी, वर्तमान समयमा रासायनिक मलको व्यापक प्रयोगको कारण यहांको माटोमा अम्लीयता वृद्धि भई उत्पादन ह्रासको स्थिती देखापरेको छ । लगातार भूक्षय तथा वन विनासका कारण नदीहरुले चून ढूगां, बलौटे र गेग्रयानयूक्त पदार्थहरु निरन्तररुपमा निक्षेप गर्दा पांगो माटोको गुणस्तरमा विस्तारै ह्रास आइरहेको छ ।

**ख) बलौटे माटो :** यो माटो बालूवा, कंकड, ट्यापी र ढुंगाा मिश्रीत माटो हो । यो उब्जाउको दृष्टिकोणले निम्नकोटीको मानिन्छ । विशेषगरी गाँउपालिकाको दक्षिण पश्चिमी भागहरुमा यो माटोको बाहूल्यता छ । अपेक्षाकृत कम मात्रामा मात्र दलहन र मकै बालीको मात्र यहां उत्पादन हुन्छ । यहां सिंचाइको समेत अभाव रहेको छ ।

**ग) हिमाली माटो :** यो माटोको निर्माण नवीन भएको मानिन्छ । जसको बनावट पातलो, दलदले र छिद्रयूक्त हून्छ । गांउपालिकाको उत्तरी पृष्ठढाल र नदीबेसीहरुमा समेत यो माटो पाइन्छ । यहांको माटोको बनावटमा ढुगां, माटो, कंकड, चूना, फलाम, जीवाष्मको तत्व नभएको माटोको प्रचुरता हून्छ । उब्जाउको दृष्टिकोणले यहांको माटोमा नदीबेसीतिर धान, गहुं, मास, मकै, मध्य पहाडी भागतिर मकै, दलहन आदि उत्पादन हुने गर्दछ ।

## २.६ हावापानी

उचाइको वृद्धि हुदै जांदा हावापानीमा पनि भिन्नता आउने गर्दछ । समूद्र सतहबाट ५०० मिटरको उचाई देखि १४२० मिटरको उचाइलाई मध्यनजर गर्दा यस गाँउपालिकामा हावापानीका सूक्ष्म तथा बृहत् रुपहरु पाइन्छन् । पहाडी तथा उच्च भागहरुमा तापक्रम हिउंदमा सरदर १५ डिग्री सेल्सियस रहन्छ, जबकि खोंच तथा टारहरुमा हिंउदमा २० डिग्री सेल्सियस सरदर तामक्रम रहन्छ । त्यस्तै, गृष्मको अवस्थालाई हेर्दा पहाडी भागमा ३० डिग्री सेल्सियस र खोंच तथा टारहरुमा ३५ डिग्री सेल्सियस सरदर तामक्रम रहन्छ । त्यस्तै यो जिल्ला महाभारत पर्वतको सूर्यमूखी ढालमा पर्ने हुंदा वार्षिक सरदर वर्षा २००० मि.मि. सम्म रहन्छ ।

मौसम विज्ञान विभागको सन् २०००–२०१८ सम्मको अभिलेख अनुसार अध्ययन गर्दा यहाँ औसत वार्षिक वर्षा १९३८.६३ मि.मि. रहेको छ। औसतमा वर्षात्को मात्रा घट्दै गएको देखिन्छ। वर्षामा आएको परिवर्तनको प्रवृत्ति देहायअनुसार तालिका मार्फत् प्रस्तुत गरिएको छ:

### तालिका : वर्षा सम्बन्धी मौसम केन्द्रको अभिलेख, २०००–२०१८

| वर्ष सन् | जन. | फ. | मार्च | अ. | मे | जुन | जुलाइ | अगष्ट | सेप्टे. | अ. | नो. | डिसे. | वार्षिक कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २००० | ६२ | २५.२ | ५.६ | ० | ६.४ | १९२.२ | ५८८.४ | १०४२ | २०६.७ | २.३ | ०.२ | १.२ | २१३२ |
| २००१ | २०.३ | ६९.३ | २.२ | १२.४ | १.८ | २९९.६ | ५४५.७ | ४९७.३ | १८१.९ | १०१.६ | ० | ० | १७३२ |
| २००२ | २७.६ | १३.६ | ३.८ | ३९.६ | ५१.४ | १८१.२ | ६०३.९ | ५५४.२ | २९६.४ | ४२.१ | २३.५ | १४७ | १९८४ |
| २००३ | ७.२ | १२.१ | ५८.२ | ७४ | ४५.१ | १६९.८ | ८५२.५ | ८४५ | २२५.४ | ९२.५ | २.९ | ० | २३८५ |
| २००४ | २४.६ | ० | ० | ० | ५४.८ | २३७.५ | ५४६.१ | ४७८.१ | २५५.२ | १५३.५ | ० | ७.६ | १७५७ |
| २००५ | २०.२ | ३२.५ | ३.६ | ५२.३ | २०४.५ | ६२४.१ | ४३३.१ | ५६०.४ | २०१ | ० | ० | ० | २१३२ |
| २००६ | १५.६ | २.७ | ५.३ | २ | ११४.५ | ५४१.१ | ३४५.२ | ३६५.१ | ६४.७ | २८ | १ | ० | १४८५ |
| २००७ | ५६.१ | ३७.२ | ० | ३०.६ | ४४.५ | ४७.८ | ३७९.४ | ६२२ | ३७९.३ | २५ | २.४ | १.६ | १६२६ |
| २००८ | ६६.४ | ९५.६ | ४.२ | ३.८ | २५.४ | २३१.७ | ५९५.६ | ६२८.८ | ६५२.८ | ० | १ | ३.८ | २३०९ |
| २००९ | १०३.१ | ५.६ | ० | ४५.६ | १२०.६ | १६०.६ | ५१४.६ | २७१.१ | १६५ | ३१.४ | ० | ० | १४१८ |
| २०१० | ३४.८ | ४२.९ | २४ | २.६ | ११.६ | २२७.४ | ६३६.९ | ३३९.३ | ४०३.१ | ०.१ | ० | १९.३ | १७४२ |
| २०११ | ० | ० | २५.६ | २५.५ | १३४.३ | ११३.३ | ५६१.३ | ३१४.८ | २१२.९ | २१.८ | ० | ११.२ | १४२१ |
| २०१२ | ०.३ | १३० | ८५.३ | १०.६ | १२९६ | ३५८.७ | ७२५.५ | ७८६.९ | ३७२.२ | १.६ | ० | १.२ | २६०२ |
| २०१३ | ९.३ | १.६ | २ | ६४.८ | १२५.३ | ६३१.१ | ६७६.१ | ५६१.६ | ४७६.९ | १२८ | ० | ० | २६७७ |
| २०१४ | ० | ७.६ | १६.५ | ६ | १६४.६ | १११.१ | ५७५ | ७४९.३ | २२१.७ | ४२२.२ | १२ | ०.१ | २२८६ |
| २०१५ | १.९ | ५१ | ० | ०.२ | ५८.६ | १२८.८ | ६९३.८ | ७०९.७ | ४१६.२ | १.४ | ९ | ०.२ | २०७१ |
| २०१६ | २ | २५ | ९.४ | १०.७ | ७९.१ | २५५.९ | ५५७.८ | ५५०.६ | ३३१.४ | ०.२ | ० | ० | १८२२ |
| २०१७ | २३ | ४ | १५ | ५.९ | ० | ५७.१ | २७९ | ४९२.२ | ० | ४.४ | ० | २.४ | ८८३ |
| २०१८ | ५३.४ | १०६ | ० | ३.५ | ४.४ | ७४५.१ | ७४९.१ | ४३१.५ | २७६.९ | ० | ० | ० | २३७० |
| **औषत** | २७.७८ | ३४.८४ | १३.७२ | २०.५३ | १३३.८४ | २७९.६९ | ५७१.५३ | ५६८.४२ | २८१.०४ | ५५.५८ | २.७४ | १०.२९ | १९३८.६३ |

*स्रोत:*

### तालिका: त्रिपुरासुन्दरी गाँउपालिकाको वर्षा तथा तापक्रम सम्वन्धी विवरण

| क्र.स. | महिना | औषत वर्षा (मि.मि.) | औषत तापक्रम (डिग्री सेल्सियस |
|---|---|---|---|
| १ | जनवरी (पौष/ माघ) | ९१.० | |
| २ | फेबूरअरी (माघ/फाल्गूण) | १३०.७ | |
| ३ | मार्च(फाल्गूण /चैत्र ) | ८८.६ | |
| ४ | अप्रिल (चैत्र /बैशाख) | १६३.२ | |
| ५ | मे (बैशाख /जेठ) | ४३१.७ | |
| ६ | जून (जेठ /अषाढ) | ३९५.० | |
| ७ | जूलाई (अषाढ /श्रावण) | ४७.६ | |
| ८ | अगस्त (श्रावण /भाद्र) | २३.० | |
| ९ | सेप्टम्बर (भाद्र /आश्विन) | ०.० | |

| | | | |
|---|---|---|---|
| १० | अक्टोवर (आश्विन / कार्तिक | ८.१ | |
| ११ | नोभेम्बर (कार्तिक / मंशीर) | ९१.० | |
| १२ | डिसेम्बर (मंसीर /पौष) | १३०.७ | |

*स्रोतः*

समग्रमा यस गांउपालिकाको हावापानी अवस्थालाई विश्लेषण गर्दा दुई उपखण्डमा विभाजन गरिएको छ।

**(क) उष्ण मौसमी हावापानीः** समुद्र सतहदेखि १२०० मि. सम्मको उचाइमा यस प्रकारको हावापानी पाइन्छ। कम उचाइका कारण गृष्म ऋतूमा यहांको तामक्रम ३० डिग्री सेल्सियस भन्दा पनि बढी हुने गर्दछ भने हिंउद ऋतूमा १५ देखि २० डिग्री सेल्सियस सम्म सरदर तापक्रम हुन्छ। मनसूनी वायूको प्रभावले करिब २००० मि.मि. सरदर वर्षा भएको पाइन्छ। अन्य नदी किनारी भागहरुमा यस प्रकारको हावापानी पाइन्छ।

**(ख) न्यानो समशितोष्ण हावापानी :** समुद्र सतहको १२०० मि.देखि २१०० मि.सम्मको उचाइमा हिंउदे तापक्रम १० देखि १५ डिग्री सेल्सियस सम्म सरदर रहने गर्दछ। समग्रमा यहांको हावापानी रमणीय रहेको पाइन्छ। गृष्ममा मनसूनी सरदर वर्षा २००० मि.मि.सम्म हुन्छ।

## २.७ भु–उपयोगको बिवरण

यस गाउँपालिकामा वनजगंल र कृषियोग्य जमिन प्रचुर मात्रामा रहेको छ, गाउँपालिकाको कुल भू—भागको २५.७७ प्रतिशत वनजगंल र ५६.४८ प्रतिशत कृषियोग्य जमिन रहेको छ। त्यसपछिको भाग पानी तथा चट्टानको भाग रहेको देखिन्छ। यस गाउँपालिकामा रहेको मुख्य कृषियोग्य फाँटको रुपमा पौवाफाट, लपाङफाट, ठूलोवेशी, सिउरेना, ढोडेनी, पड्केघारी, जलविरेलाई मानिन्छ। यहाँको मुख्य उत्पादन धान, मास, अदुवा र तरकारीलाई मानिएको छ। भू—उपयोग सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएकोछ।

तालिकाः

| क्र.स. | भू–उपयोग | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषियोग्य जमिन | २१७४.२६ | २५.७७ |
| २ | वनजंगलले ढाकेको जमिन | ४७६४.७० | ५६.४८ |
| ३. | पानीको भाग | १०२.२९ | १.२१ |
| ४. | चट्टानी क्षेत्र | १३.१६ | ०.१६ |
| ५. | अन्य | १३८१.६५ | १६.३८ |
| | **जम्मा** | **८४३६.०६** | **१००.००** |

*स्रोतः भौगोलिक नक्सा (टोपोग्राफिकल नक्सा), १९९६*

## २.८ प्राकृतिक सम्पदा

पहाडी भू वनौट तथा मनोरम जलवायु पाईने त्रिपुरासुन्दरी गाँउपालिका प्राकृतिक श्रोतको धनी मानिन्छ। यहां उपलब्ध प्राकृतिक श्रोतहरुलाई निम्नानुसार वर्णन गर्न सकिछ।

### २.८.१ प्राकृतिक वनस्पती

प्राकृतिक दृष्टिकोणले त्रिपुरासुन्दरी गाँउपालिका वानस्पतिक बगैंचा (Botanical Garden) हो । गांउपालिकाको अधिकांश क्षेत्र पहाडी भुधरातल, वनजन्य क्षेत्र, उर्वर नदी वेशीहरु तथा विसाल सल्यान टार, पर्वत खण्डहरु, नेत्रावती र वुढीगण्डकीको दोभानसम्मको रमणीय प्राकृतिक पर्वतमालामा हिमवत् खण्डदेखि हालसम्म मौजुद रहेका प्राकृतिक वनस्पतिहरुले यस पवित्र पावन भुमिलाई पर्यावरणीय तथा प्राकृतिक उपचारका लागि समेत राहत प्रदान गरेका छन् । यद्यपि, यो अपार सम्पदाको व्यापारीक प्रयोजनका लागी उल्लेखनीय रुपमा उपयोग हुन सकेको छैन । यहांको वनस्पतिलाई निम्नानूसार वर्गीकरण गरिएको छ ।

**क) उपोष्ण सदावहार वनस्पती :** यस्ता बानस्पतीक प्रजातिहरु अत्यधिक तापक्रम र वर्षा हुने क्षेत्रहरु विशेष गरी पाहाडी खोंच जहाँको उचाई उच्च एवं मध्य छ । यहांका रुखहरु कडा काठयूक्त हुन्छन् । प्रायः वर्षैभरी हरियो भइरहनु बाक्लो र गृष्मका थोरै दिनसम्म पात झर्नु यहांको वनको विशेषता हो । साल, खयर, बेल, चिलाउने, सिसौ, सखुवा, जामुन, आंप, सिमल, कटहर, वांस, नास्पाती, अम्बा, केरा आदि रुखहरुका जातजाति पाइन्छन् । खर तथा लामो लामो ढड्डीयूक्त घांसहरु समेत यस जंगलमा पाइन्छन ।

**ख) पतझड मौसमी वनस्पती :** मध्य महाभारतीय पर्वत खण्डको १२०० मि. देखि २१०० मि.सम्मको उचाइमा यी वनस्पतीहरू पाइन्छन । उचाई बढ्दै जाँदा तापक्रम घट्ने हुंदा शितकालमा यहांका रुखका पातहरु झर्दछन् अथवा सदावहार हुंदैनन् । यस वन प्रदेशमा केही मिश्रित जातका वनस्पतीहरुको बाहुल्यता रहन्छ । वर, बांस, उत्तीस, गुरांस, कटुस, ओखर, चांप, पलांस, चिलाउने निगालो, गोब्रेसल्ला, बनमारा, खोटेसल्लो, तेजपत्ता तथा अमला, जूनार, कागती र अन्य अमिला जातका फलफूलहरु प्रचूर मात्रामा पाइन्छन् ।

### २.८.२ बन जंगल

त्रिपुरासुन्दरी गाउँपालिका समुद्री सतहबाट समूद्र सतहबाट ५०० मिटरको उचाई देखि १४२० मिटरको उचाई सम्म विस्तार भएको हुंदा यहांको वन क्षेत्रभित्र प्रशस्त जैविक विविधताहरु रहेको पाईन्छ । वनक्षेत्र भित्र विभिन्न प्रजातिका रूख, वृक्ष, भाडीहरु, घाँसे मैदानहरु समेत रहेका छन् । गाउँपालिका बाहिरका अन्य गाउँपालिका तथा जिल्लाहरुमा करिव करिव लोप हुने अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस गाउँपालिकामा प्रशस्तै मात्रामा रहेको छ । यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नदीनालाहरुको अभिन्न सम्बन्ध रहेको छ ।

वन क्षेत्रको बिस्तार लाई हेर्दा सल्यान टारको समथल भू–भागदेखि महाभारतका अग्ला पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ । उष्ण र सम–शितोष्ण प्रदेशीय क्षेत्र भएको यस गाउँपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ । हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस गाउँपालिकामा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, खयर सिसौं, मिश्रीत वन र झाडी बुट्यानहरु समेत रहेका छन् ।

यस गाउँपालिकामा ४९ वटा सामुदायिक वनहरु रहेकाछन । यी वनहरुले २७८५.४४ वर्ग कि.मि. क्षेत्रफल ओगटेको देखिन्छ । यी वनहरुवाट ६५७६ घरधुरी लाभान्वित भएकाछन । सामुदायिक वन सम्वन्धी विस्तृत विवरणका तलको तालिकामा उल्लेख गरिएकोछ ।

## तालिका नं.: हस्तान्तरित सामुदायिक बनको बिबरण

| क्र.स. | समुहको नाम | ठेगाना | क्षेत्रफल (हेक्टरमा) | घरधुरी संख्या | | क्र.स. | समुहको नाम | ठेगाना | क्षेत्रफल (हेक्टरमा) | घरधुरी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | रातामाटा खोपाको पाखा | मुलपानी – ९ | ७५.२ | ९५ | | २६. | सिम्लेखोला | त्रिपुरेश्वर –२ | २१.१६ | ३७ |
| २. | कुलोपाखा | मुलपानी – ३ | १३ | ७३ | | २७. | सुन्दरीमाई | आगिन्चोक – ६ | १६ | ७३ |
| ३. | चोक भन्ज्यागं | मुलपानी – ३ | २५ | ३१ | | २८. | कोईराले | आगिन्चोक – ८ | १४ | ४५ |
| ४. | काफलडांडा | मुलपानी – २ | ५.२० | २३ | | २९. | रातोडांडाटारी | आगिन्चोक – ७ | २३.३२ | ९२ |
| ५. | भन्ज्यागं | मुलपानी – २ | ८.१५ | ३३ | | ३०. | जलेश्वरी | आगिन्चोक – ६ | ७.३६ | ७३ |
| ६. | ओलके पाखा | मुलपानी – ३ | ६.१० | १९ | | ३१. | देबीस्थान | आगिन्चोक – ९ | २१.०५ | ८२ |
| ७. | चांपडांडा | मुलपानी – २ | ७.६४ | ३३ | | ३२. | सुन्दरी | आगिन्चोक – ५ | ३८ | ४६ |
| ८. | नाङ्गेडांडा | मुलपानी – ३ | ६.७० | १७ | | ३३. | कास्टेपारी | आगिन्चोक – ७ | १५.२३ | ९५ |
| ९. | ज्यामिरे | मुलपानी – १, २ | २८.५७ | ११३ | | ३४. | पिप्लेस्वांरा | आगिन्चोक – ६ | १७.०० | ४२.०० |
| १०. | पिपलडांडा | मुलपानी – ४ | २०.२७ | ६५ | | ३५. | बिन्दबासिनी | आगिन्चोक – ६ | ३१.१३ | ५२.०० |
| ११. | साकम्बरी | मुलपानी – ७ | ४९.७५ | ११० | | ३६. | सत्यदेबी | आगिन्चोक – ४ | ८१.६१ | १११ |
| १२. | शिबालय | मुलपानी – ७ | ४६.२५ | ७२ | | ३७. | चण्डिथान | आगिन्चोक – ४ | २.११ | ११३ |
| १३. | माता जलेश्वरी | मुलपानी – ६ | ६२.७२ | ७२ | | ३८. | स्फटिक खम्बा | आगिन्चोक – ५ | ४६.८१ | ५३ |
| १४. | सल्यानकठेरी | सल्यानकोट – १,२,३ | ११०.०० | ८४ | | ३९. | चक्रदेवी | आगिन्चोक – १ | १२४.५५ | ६६ |
| १५. | त्रिपुरासुन्दरी | सल्यानकोट – १, ३ | ८२.०० | १२७ | | ४०. | त्रिपुरासुन्दरी | आगिन्चोक – १ | ५३.०९ | १४१ |
| १६. | ढाडखोला | सल्यानकोट – ५ | ४९.०० | १०२ | | ४१. | तिलखोरिया | त्रिपुरासुन्दरी – ६ | ११.६५ | २५ |
| १७. | पतेनीआमडांडा | सल्यानकोट – ४ | ७०.५० | ५६ | | ४२. | कुवापानी | त्रिपुरासुन्दरी – ६ | ६०.७७ | ९२ |
| १८. | देउरालीपाखा वतासे | सल्यानकोट – ६ | ८.८४ | २१ | | ४३. | पंधेरोखोला | सल्यानटार– १ | ८.०० | ४५.०० |
| १९. | कन्यादेवी वतासे | सल्यानकोट – ३ | ४७.३६ | ८७ | | ४४. | पटकेघारी | सल्यानटार– ७ | ५५.०० | २७५.०० |
| २०. | त्रिपुरासुन्दरी पाताल | सल्यानकोट – ५ | ५२.२६ | १२५ | | ४५. | ढोडेनीपाखा | सल्यानटार– ८ | ५४.०० | १४६.०० |
| २१. | वुढीखोला | सल्यानकोट – ४ | ४०.८४ | ६४ | | ४६. | ठुलढुगांपाखा | सल्यानटार– ६ | २६.०० | १३३.०० |
| २२. | लहरेघारी | सल्यानकोट – ४ | ५३.१८ | ८८ | | ४७. | पाताल | सल्यानटार– ९ | ५१.५० | ८५.०० |
| २३. | अल्पुपाखा | त्रिपुरेश्वर –१ | ३३.०० | ८० | | ४८. | वनदेवी | सल्यानटार– १, २, ४, ५ | १९.०० | १२०.०० |
| २४. | अल्पु | त्रिपुरेश्वर –२ | २९.०० | ६७ | | ४९. | भंगेरीपाखा | सल्यानटार– ७ | १२.४० | ८३.०० |
| २५. | सिउरेनीपाखा | त्रिपुरेश्वर –२ | ७.५८ | ३६ | | | | **जम्मा** | **२७८५.४४** | **६५७६.००** |

*स्रोत: जिल्ला वन कार्यालय धादिङ, २०७३/०७४*

## २.९ नदीनाला पोखरी

महाभारतिय श्रृंखलामा अवस्थित त्रिपुरासुन्दरी गाँउपालिका प्रशस्तै खोला तथा नदीहरुको उदगम तथा पानी ढलोको रुपमा रहेको छ। यहाँको प्रमुख नदी वुढीगण्डकी हो, यसको प्राचिन संस्कृत नाम यशोधरा रहेकोछ। गाण्डव ऋषिको नामबाट नामाकरण गरिएको वुढीगण्डकी नदी करिब ७००० मि. उचाइमा रहेको लार्के र ग्याला हिम भन्ज्याङ्गबाट उत्पत्ति भई उत्तर पश्चिमबाट मनासलु र हिमालचुलीबाट बग्ने अटुट हिम खोलाहरुको पानी बोकेर यसै गाँउपालिकाको उत्तर पश्चिममा गोरखा जिल्लाको आरुघाट गाँउपालिकासंग पश्चिमी सिमाना वनाउदै गाँउपालिकाको दक्षिण क्षेत्रको बेनिघाट भन्ने स्थानमा नेपालकै प्रमुख नदी त्रिसुलीमा समाहित भई अन्त्यमा चितवन जिल्लाको विशाल नारायणी नदीसंग समाहित हुंदै भारततिर प्रवाहित हुन्छ। यस गाँउपालिकामा वुढीगण्डकी नदीलाई व्यवस्थित रुपमा उपयोग गरी वैज्ञानिक कृषि उत्पादनमा प्रयोग नगरिएता पनि जनस्तरवाट यस्को परम्परागत विधि उपयोग गरि कृषि प्रणालीमा उल्लेख्य सुधार ल्याईएको छ। यद्यपि, यस नदीको जलविद्युतमा समेत प्रशस्त संभावना रहेको छ। तथापि, उपयोगका सम्वन्धमा दीर्घकालिन योजनाको खांचो टडकारो रहेको छ। यसका अलावा, नेत्रावती (आँखु) नदी, ह्यापिगं खोला, र काष्टे खोला महत्वपूर्ण खोला तथा नदीका रुपमा यस गांउपालिकालाई सिंचीत तथा अन्य तवरले जल प्रवाहमा योगदान पुर्याएकाछन। त्यस्तै, अन्य नदीहरुमा डुढी खोला, ठुलो खोला, ह्यापुगें खोला, मदने खोला, पंधेरो खोला, विरौटो खोला, भुसुने खोला, मानपांग खोला, साउने पंधेरो, विन्धवासिनी खोला, लापागं खोला, वगुवा खोला, तथा सांधी खोला यस गाउँलिकामा रहेका प्रमुख नदीनाला रहेकाछन।

हाल वुढीगण्डकी नदी जहां १६३ घन मिटर/ प्रति सेकेण्ड पानी प्रबाह हुने गर्दछ यसको उपयोगका सम्वन्धमा राष्ट्रिय प्रयासहरु एकातिर भईरहेका छन भने खर्को तर्फ प्रशस्त आलोचना भइरहेका छन। तथापि, बूढीगण्डकी परियोजनालाई जलविद्युत् उत्पादनको दृष्टिकोणले मात्र नहेरी यसबाट सिंचाई, पर्यटन लगायतका क्षेत्रमा हुने फाइदालाई विश्लेषण गरिएकोछ। प्रारम्भिक विश्लेषण अनुसार यस आयोजनाबाट गोर्खातर्फ ३० हजार ७८ रोपनी र धादिङतर्फ २८ हजार ७५ रोपनी जग्गा डुबानमा पर्नेछ। सन् २०१४ मै सुरु गरेर सन् २०२२ मा निर्माण पूरा गर्ने लक्ष्य राखे पनि आयोजनामा विधि कारणहरुले ढिलाइ छ। सरकारले आर्थिक व्यवस्थापनसहितको स्पष्ट मोडेल तयार गरेमा आयोजनाको निर्माण कार्य तत्काल हुने सम्भावना भने छ।

यसका अलावा यहां रहेका केहि प्रमुख नदीहरुको धार्मिक तथा सांस्कृतिक मूल्य र मान्यता तथा जनश्रुतीसंग समेत जोडीएका छन। जस्तैः नेत्रावती नदी, जनश्रुतीका आधारमा आराध्यदेव श्रीमहादेवलाई वर पांउभनि हिमालय पर्वत क्षेत्रमा नित्यनिरन्तर तपस्या गरिरहेकि पार्वतीलाई श्रीमहादेव प्रकट भई 'तथास्तु' भन्दा सति पार्वती खुशीले हर्षविभोर भई अजस्र नेत्रधारा वग्दा नदीको उत्पत्ती हुनगयो, जो कालान्तरमा प्रशिद्ध नदी नेत्रावतीको नामले प्रख्यात हुन गएको जनविश्वास छ। यथार्थमा समेत यो नदी ७४२९ मिटर अग्लो प्रशिद्ध गणेश हिमालवाट उत्पत्ति भई यसै गांउपालिकावाट प्रवाहित हुने गरेको छ। यसका अलावा सति पार्वती खुशीले हर्षविभोर भई उत्पत्ती भएको नदीहुंदा यस नदीको सिंचाई उपयोगवाट समग्र धादिङ् जिल्ला लाभान्वित छ भने यसै नदीवाट ८ मे.वा. जलविद्युत समेत उत्पादन गरी राष्ट्रिय ग्रीडप्रणालीमा समेत जोडिएकोछ।

यसका अलावा ह्यापिगें खोलाकोपनि ऐतिहासिक महत्व राक्षस राज हिरण्यकश्युप, भक्त प्रल्हाद र भगवान विष्णुको नरसिहं अवतारसंग रहेको स्थानीय जनश्रुतीवाट थाहा पाउन सकिन्छ। परापूर्वकालमा भगवान विष्णुले नरसिहं अवतार धारण गरी राक्षस राज हिरण्यकश्युपको वध गरी भक्त प्रल्हादको उद्धार गरेको र हिरण्यकश्युपको ह्याकुला फुटन

गई रगत वग्नजांदा यस ह्यापिगें खोलाको उत्पती हुन गएकोहो, जसको प्रमाणस्वरुप हाल सम्मपनि यस खोलाको पानी रक्त रङमै प्रवाहित भएको पाईन्छ भने स्थानीयहरु यस खोलाको पानी प्रयोग गर्नलाई अशूद्ध मान्दछन।

| क्र.स. | नाम | क्षेत्रफल (रोपनी) |
|---|---|---|
| १. | रानी पोखरी | ५५.८५ |
| २. | भणे पोखरी | १२४.७५ |
| ३. | डिल पोखरी | ५०८.७२ |
| ४. | पोखरी सिवलबजार | २२८९.२४ |
| ५. | भूत पोखरी | ५०५.८८ |
| ६. | रिंग्ने ह्यड्रोपोवेर ताल | १२५.३५ |

*स्रोतः वस्तिस्तरिय फिल्ड सर्भेक्षण, २०७६*

## २.१० खनिज

फलाम, तामा तथा खनीज तेलको खानीको सम्भाव्यता प्रवल देखिएता पनि प्रभावकारी रुपले सर्वेक्षण र उत्खनन् हुन नसकी हालसम्म यस जिल्लामा खानीको अवशेष फेला पार्न सकिएको छैन। तथापि, यस गांउपालिकामा जिल्लाकै २ ठुला तथा महत्वपूर्ण नदीहरु वुढी गण्डकि र नेत्रावति नदीका तिरहरुमा पाईने चट्टान, वालुवा तथा ढुगांका अलावा नदीहरुको लगातारको गहिरो कटान र तिव्र वेगको कारण विभिन्न रङ, आकार र आयतनका ढुगांहरु यस गांउपालिकामा पाईने गर्दछन। तथापि, भौगर्विक अध्ययनका कमिका कारण कुनै महत्वपूर्ण खनिजको संभावना यस गांउपालिका भित्र रहेको तथ्य प्राप्त हुन सकेको छैन।

## २.११ संभावित भू–क्षय क्षेत्र

यो गाँउपालिका चारैतर्फ महाभारत श्रृंखलावाट घेरिएको अथवा यसै पर्वत श्रृंखला उपर लमतन्न भएर फैलिएकोछ। तथापि, उत्तर तर्फको भू–भाग महाभारत पर्वत श्रृंखलामा र दक्षिण तर्फको भूमि महाभारतिय पर्वतको तटिय भाग भएकोले यो भिरालो किसिमको छ। भिरालो भएका कारण वर्षातमा खहरे खोलाले एकातिर यस क्षेत्रको माटोको भूस्खलन हुने र पहाडबाट खहरे खोलाहरुले वगाई ल्याएको वालुवा, गेग्रानहरु कृषि भूमिमा थुपार्ने हुंदा उव्जाउ भूमिहरु दिन प्रतिदिन मरुभूमिमा परिणत हुंदै गएका छन्। यसका साथै, वुढीगण्डकि, आंखुखोला र अन्य नदीनालाहरुले वर्षातको समयमा बाढी तथा भूक्षयद्धारा जमिन कटान हुनेहुंदा यस गाँउपालिकामा भू–क्षयको तथा वाढीका अत्यधिक प्रकोप रहने गरेको देखिन्छ। त्यसवाहेक, वनजंगलको लगातार विनासका कारणले भू–क्षय वा भू–स्खलन हुने गरेको छ। (स्रोतः विभिन्न क्लस्टर क्षेत्रहरुमा स्थानीयवाशीहरु संगको छलफलमा आधारित)

## २.१२ वन्यजन्तु

यस जिल्लाका वन जंगलहरुमा विभिन्न जातजातीका वन्यजन्तु तथा पंक्षीहरु पाईन्छन। यहां पाईने वन्यजन्तुहरुमा बाघ, भालु, चित्तल, वदेंल, स्याल, चितुवा, वांदर, रतुवा मृग, व्वांसो, बन बिरालो, दुम्सी, खरायो, न्याउरी मुसो छन भने पंक्षिहरुमा कालीज, च्याखुरा, डांफे, सुगा, काग, चिल, गिद्ध, लाटोकोसेरो भगेंरा गौंथली, तित्रा र कोईली आदि रहेका छन। यसका अलाबा सरिसृप तर्फ भ्यागुतो, छेपारो, कछुवा, सुनगोहोरो, सर्प र असला माछा आदि पाईन्छन।

## २.१३ साँस्कृतिक उत्कृष्टता

यो गाउँपालिका जातिगत वसोवासमा ब्राम्हण र क्षेत्री बाहुल्यता रहेको वस्ती हो, यहाँ धार्मिक रुपमा हिन्दु तथा बौद्ध धर्मावलम्बी रहेका छन।

यो गाउँपालिका जातिगत वसोवासमा ब्राम्हण र क्षेत्री बाहुल्यता रहेको वस्ती हो, यहाँ धार्मिक रुपमा हिन्दु धर्मावलम्बी रहेकाले पनि अन्य ३५ वटा मठ मन्दिरहरु रहेका छन्।

**त्रिपुरासुन्दरी मन्दिर:** साबिकको सल्यानकोट गा. वि. स. वडा नं. ५ मा रहेको यो मन्दिर एक धार्मिक एवं ऐतिहासिक स्थल हो। प्राकृतिक रुपले उच्च स्थानमा रहेको हुनाले यहाँबाट अनेकन मनोरम दृश्यहरु देख्न सकिन्छ। यहाँबाट दक्षिण तिर रहेको नागबेली आकारले बगेको आँखु नदी र समतल सुकौरा फांटमा हरियाली दृश्यहरु देखिन्छन् भने पश्चिम तिर सल्यानटारको समथर जमिन र उत्तर तर्फ रहेका उच्च हिम शिखरहरु, प्रशिद्ध गंगाजमुना झरना तथा अन्य प्राकृतिक दृश्यहरु तथा ऐतिहासिक स्थलहरु देख्न सकिन्छ।

धादिङ जिल्लाकै शानको रूपमा परिचित त्रिपुरा सुन्दरी माइको जात्रा हरेक बर्षको मङ्सिर महिनामा उत्तम तिथि हेरेर भब्य रुपमा मनाइने गर्दछ। यस जात्रालाई माईस्थान जात्रा वा सल्यानवेसी जात्रा भनेर पनि चिनिने गरिन्छ। जात्राको मिति तिहारको भाइटिकाको दिन सार्वजनिक गर्ने चलन छ भने हरेक वर्षको जात्रा मंसिर महिनामा पर्ने गर्छ। पहाडी क्षेत्रको ठुलो मेला अर्थात माइस्थान जात्राको नामले परिचित यस मेलालाई न्वागी जात्राको नाममा समेत चिनिन्छ।

त्रिपुराशुन्दरीको सल्यानकोट ५ मा नै २ वटा मन्दीर र आगिञ्चोक गा.बि.स. वडा नं. १ मा १ वटा मन्दीर रहेको छ। उक्त देवीलाई मंसीर महिनामा शुभ साईत हेराएर आगिञ्चोक १ सल्यानवेसिमा रहेको मन्दीरमा झारिन्छ उक्त दिनमा भक्तजनहरुको ठुलो घुईंचोका साथ मेला लाग्ने गर्छ। जसलाई न्वागी जात्रा पनि भनिन्छ। आगिञ्चोक १ सल्यानवेसिमा रहेको मन्दीरबाट फागुन महिनामा दिन हेराएर नै सल्यानकोट ५ स्थित मन्दीरमा लगिन्छ। उक्त दिनमा भने त्यति ठुलो मेला लाग्दैन। सल्यानकोट ५ मा स्थित मन्दीरमा भने चैते दशैं र दशैंको अष्टमी तथा नवमीमा असंख्य वलीका साथ मेला लाग्दछ।

यसका अलाबा, त्रिपुरासुन्दरी गाँउपालिका साबिकका पांच गाबिसहरू मिलाई बनेको हुंदा भिन्न भिन्न किसिमको साँस्कृतिक उत्कृष्टता देखिन्छ। वर्षको सुरुवात देखिनै स्थानीय स्तरमा चाडपर्व तथा मेलाहरु लाग्ने र ति चाडपर्व तथा मेलाहरुमा टाढाटाढाका मानिसहरुको जमघट हुनेहुंदा यस्ता साँस्कृतिक विशेषताहरुले स्थानीय स्तरको ऐतिहासिक महत्व दर्शाउंछन। तलका तालिकामा यस गाँउपालिकामा लाग्ने स्थानीय चार्डपर्व तथा मेलाहरुको विवरणलाई उल्लेख गरिएको छ।

तालिका नं: स्थानीय चार्डपर्वहरुको विवरण

| क्र.सं. | चार्डपर्वहरुका नाम | मनाइने महिना |
|---|---|---|
| १ | दशैं, तिहार | अशोज, कार्तिक |
| २ | तीज, जनैपूर्णिमा | भदौ |
| ३ | माघे संग्रन्ति फागु पुर्णिमा | माघ, फागुन |
| ४ | चैते दशैं, सिबरत्री | चैत, बैसाख |
| ५. | पन्ध्र पुज पन्ध्रपन्द्र आशार | आशार, पौष |

| | | |
|---|---|---|
| ६. | नवरगीं पर्ब | मंशिर |
| ७. | न्वागी पर्ब | मङ्सिर |

*स्रोतः वस्तिस्तरिय फिल्ड सर्भेक्षण, २०७६*

**तालिका नं: स्थानीयस्तरमा लाग्ने मेलाहरुको विवरण**

| क्र.सं. | मेलाहरुका नाम | मनाइने महिना |
|---|---|---|
| १ | लाखे, | भदौ श्रावण |
| २ | घाटु | बैसाख, जेष्ठ |
| ३ | कुमाल खोला | मंशिर |
| ४ | पानघोर मेला | फागुन, माघ |
| ५. | कुम्भदेखि मेला | मंशिर |
| ६. | बन देबी मेला | पौष, मंशिर |
| ७. | मदेश क्रिस्ते मेला | माघ |
| ८. | पन्ध्र पौष मेला | पौष १५ |
| ९. | जलधारा मेला | जेठ |
| १०. | जलेस्वोरी मेला | मंशिर पुर्णिमा |
| ११. | एकादसी मेला | मंशिर |
| १२. | थानिधान मेला | मंशिर |
| १३. | माघेसंग्राती मेला | माघ |
| १४. | देविथान मेला | पौष |
| १५. | वाग्के थापा कुल पुजा | फागुन |
| १६. | धान्यपुर्णय मेला | मङ्सिर |
| १७. | सदबिउ छर्ने मेला | मङ्सिर |
| १८. | धान्यपुर्णय मेला | मङ्सिर |
| १९. | माईथान जात्रा | मङ्सिर |
| २०. | भीमसेन थान जात्रा | असोज |
| २१. | बिन्दबासिनी मेला | फाल्गुन |
| २२. | लुतेदेवी मन्दिर मेला | मङ्सिर, कार्तिक |
| २३. | जलेस्वरी मेला | मङ्सिर |
| २४. | आसिनचोक देवी जात्रा | मङ्सिर |
| २५. | असिन्चोक कोट मेला | चैत्र |
| २६. | असिन्चोक, खाडीखम्बा | आशोज |
| २७. | मकरे मेला | माघ |
| २८. | मकवानपुर मन्दिर मेला | मङ्सिर |
| २९. | लपंग मेला | माघ, फाल्गुन |

*स्रोतः वस्तिस्तरिय फिल्ड सर्भेक्षण, २०७६*

## २.१४ व्यापारिक महत्वका स्थानहरु

आरुघाट पुरानो वजारः यो वजार केन्द्र गोरखा जिल्ला र त्रिपुरासुन्दरी गांउपालिका लगायत धादिङ जिललाको उत्तर पश्चिमी भेगको प्रमुख व्यापारीक केन्द्रको रुपमा रहेकोछ। यसका अलावा विगतमा गोरखा लगायत समग्र पश्चिमी

क्षेत्रका लागि काठमाण्डौ र दक्षिणमा विरगंज सम्म जान यसै व्यापारिक नाकाको प्रयोग गर्ने गरिन्थ्यो । तत्पश्चात यातायात तथा पूर्वाधारको विस्तारै विकास हुंदै जांदा सल्यानटारमा समेत वजार केन्द्रको विकास हुंदै गयो । हाल सल्यानटार वजार, त्रिपुरासुन्दरी गांउपालिकाको प्रशासनिक केन्द्रको रुपमा स्थापित भएकोछ ।

यसका अलावा सल्यान हांसेपसल, खहरेवजार, जलजले वजार, सुनापोखरी, आगिन्चोक डांडा, पोखरा भञ्ज्यागं, ठुलोचौर वजार, ठुली वेशी वजार, मुरचौक भञ्ज्यागं, आदि महत्वपूर्ण व्यापारिक महत्वका स्थानहरु हुन । यी वजार केन्द्रहरु गांउपालिका क्षेत्रमा यद्यपी स्थापित त भएका छन, आर्थिक अवशर तथा वित्तीय कारोवारमा यी वजार केन्द्रहरुको ठुलो योगदान देखिंदैन । तथापि, यातायात र पूर्वाधारको विकाससंगै यी वजार केन्द्रहरुले स्थानीय स्तरमा आर्थिक तथा साकाजिक रुपान्तरणकालागि महत्वपूर्ण योगदान पुर्याईरहेकाछन ।

## २.१५ विकास सम्भावना तथा चूनौतिहरु

यस गाविसको मुख्य संभावना र अवसर भनेको कृषि उत्पादन र व्यापार व्यवसाय नै हो । गाउँपालिकामा सहभागितामूलक विधी अवलम्वन गरी यसका सबल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौतिहरूको विश्लेषण गरिएको थियो ।

| सबल पक्ष | अवसर |
|---|---|
| • नदी जन्य उत्पादन, गिट्टी, बालुवा, ढुग्गा बनपैदावार,काठ दाउरा जडिवुटी उपलव्ध हुनु ।<br>• जलविद्युत आयोजनाहरु आंखुखोला, बुढिगण्डकी हुनु ।<br>• पर्यटन पदमार्ग ।<br>• कृषिमा कृषि सहकारी व्यावसायिक कृषी, पशुपालन,मत्स्यपालन ।<br>• यस पालिकाको वार्ड न .२, ३, ४, ६ र ७ मा स्वास्थ्य संस्थाको भवन रहनु ।<br>• गा.पा मित्र जातिय भाषगत धर्म, सांस्कृतिक रितिरिवाज, परम्परामा धनी हुनुका साथै मेलमिलाप पुर्ण सामाजिक सहिष्णुता<br>• स्थानीय तहदेखि देशमा ख्याति प्राप्त धार्मिक ऐतिहासिक तथा पुरातात्वीक स्थान प्रयाप्त रहनु ।<br>• लोपउन्मुख सिमान्तकृत जात जातिहरुको वसोवास हुनु ।<br>• जातिय परम्परा सोरठी, घाटु, मारुनी नाच, लाखेनाच आदि ।<br>• स्वास्थ्य र चेतनाको स्तर बृद्धि भएको ।<br>• धान, मकै, गँहु आलु कादो, फापर, र दलहन, तथा तेलहनको उत्पादन<br>• कृषि, पशुपालन, ब्यापार, वैदेशिक रोजगारी, आदि<br>• वित्तिय सुविधामा सहज<br>• प्रशिद्ध धार्मिक स्थल त्रिपुरा सुन्दरी<br>• व्यवसायिक कृषि र पशुपालनका लागी उपयुक्त जमिन र हावापानी उपलब्ध हुनु<br>• उमावि सम्मको शैक्षिकसंस्था सम्मको पँहुच<br>• स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई, फार्मेसी, बथर्डसेन्टर, खोप केन्द्र, गाँउघरक्लिनिक र महिला महिला स्वास्थ्य स्वयंसेविका<br>• धारामा आधारित खानेपानी सुविधा विस्तार | • निर्माण कार्यका लागि स्थानीय निर्माण सामग्रीहरूको) काठ, ढुङ्गा, वालुवा आदि (सहज उपलब्धता,<br>• गैससहरूको बढ्दो उपस्थिति,<br>• व्यवसायिक कृषिको प्रयाप्त अवसर भएको,<br>• जलविद्युत उत्पादनको प्रयाप्त सम्भावना भएको,<br>• जडीबुटीको विकासको संभाव्यता प्रचुर रहेको,<br>• पशुपालनको संभावना रहेको,<br>• होमस्टेको लागि संभावना रहेको,<br>• गाँउपालिकाको ठुला क्षेत्र बनजंगलले ढाकिएको हुंदा जडिबुटी तथा अन्य गैरकाष्ठ वनपैदावार तथा अन्य विधिबाट वनक्षेत्रलाई जिविकोपार्जनसँग आवद्ध गर्न सकिने<br>• गैससको विकास कार्यमा संलग्नता हुने<br>• गाँउपालिकाको मोबाइल एप्सवाट आवश्यक जानकारी र गुनासो तथा सुझाव पठाउन सकिने<br>• लोकतात्रात्रिक पदद्धि अनुसार समावेशिकरण र समन्यायिक विकास पद्धति अधि वडेको ।<br>• वुढी गण्डकी, नेत्रावती लगायतका बाहै महिना बहने नदि तथा खोलाहरुमा पर्यटनको अबशर<br>• लिफ्ट सिंचाईका लागी उपयुक्त श्रोत<br>• विविधता पूर्ण हावापानी तथा पहाडी क्षेत्रिय जैविक विविधता<br>• जातिय लैङ्गगिक तथा बर्गिय भेदभाव घटदै गएको ।<br>• सडकमार्ग लाई नै प्राथमिकता दिई बजेट विनियोजन भएको ।<br>• गाँउपालिकाको वेवसाइट चालु अवस्थामा रहेको |

| | |
|---|---|
| • निर्माणाधिन निलकण्ठ देखि आरुघाट वजार सम्मको सडकखण्ड<br>• गाँउकार्यपालिका, विषयगत शाखा समितिको गठन र सञ्चालन<br>• इन्टरनेट सुविधा भएको<br>• गाँउकार्यपालिका) कार्यसम्पादन (नियमावली,२०७४, गाँउकार्यपालिका (कार्यविभाजन) नियमावली २०७४, त्रिपुरा सुन्दरी गाँउपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) नियामावली २०७४ लगायत २२ वटा भन्दा बढी आवश्यक ऐन, नियम तथा कार्यविधिहरुको निर्माण भईसकेको। | |
| **कमजोर पक्ष**<br>• सर्वयामी सडकको अभाव।<br>• नियम कानुनको कम।<br>• बन अधिकार स्थानिय तहमा प्राप्त नहुनु।<br>• श्रोत साधन र दक्ष जनशक्ति अभाव।<br>• पुर्नावासको समस्या हुनु।<br>• बासकोलागी आरमदायी होटलहरुको व्यावस्था नहुनु।<br>• बजार व्यवस्थापन नहुनु,<br>• सिचाईको अभाव,<br>• पयटकिय स्थलको प्रचार प्रसार नहुनु, पयटकिय पुबाधार्र बनाउन नसक्नु,<br>• शैक्षिक संस्थाहरुमा आवश्यक र सुविधायुक्त घर भवन लगायत आवश्यक जनशक्ति उपलब्ध नहुनु,<br>• आर्थिक तथा प्राविधिकको अभाव,<br>• ऐतिहासिक धामिक तथा पुरातातिक धरोहरको संरक्षण गर्न नसक्नु साथै पुनर्निर्माण ढिलाई हुनु,<br>• धार्मिक र साँस्कृतिक परम्परा भेषभुषा रितिरिवाज लोपहुदै जानु,<br>• देशका सिमान्तकृत र लोपन्मुख जात जाति भाषा भाषिको संरक्षण नहुनु,<br>• जातिय भेदभाव थोरैमात्र घटनु,<br>• समावेशी र समन्यायिक नारा लाई वास्तविक नारामा ल्याउन नसक्नु,<br>• जोखिमयुक्त वस्तीमा ध्यान नपुग्नु,<br>• आधुनिक किसिमबाट बजार ब्यबस्थापन नहुनु,<br>• परम्परागत खेती प्रणालीमा अपेक्षित सुधार हुन नसक्नु, जमिनको वितरण तथा उपयोगमा वैज्ञानिकीकरण हुन नसक्नु<br>• खानेपानी आपुर्ति, ढल निकास, फोहोर व्यबस्थापन र सार्वजनिक शौचालयको अभाव<br>• खानेपानी तथा सरसफाई प्रर्याप्त नहुनु )१,८ र २(,<br>• बजेट विनियोजन गर्दा संस्थागत तथा सेवा प्रवाह, वन बातावरण तथा विपद ब्यवस्थापन तर्फ बजेट व्यवस्था नगरिएको र सडक पुर्वाधारलाई मात्र केन्द्रिकृत गरिएको गाँउपालिका कार्यालय विद्यालयको भवनमा सन्चालन गरिएको | **चुनौतीहरू**<br>• एकीकृत बस्ती बिकासको अवधारणा,<br>• जलाशययुक्त बुढिगण्डकी परियोजनामा ढिलासुस्ती,<br>• खेतियोग्य जमिन वस्तीमा परिणत हुनु,<br>• पर्यटकीय गन्तव्य मार्ग भएर पनि होटल पर्यटकिय सुचना केन्द्र नहुनु,<br>• स्वास्थ्य संस्थाहरु आवश्यक भवनदेखि प्राविधिक उपकरण दल जनशक्ति सुविधा नहुन,<br>• उपलव्ध जलसम्पदालाई उचित र आवश्यकता अनुसार प्रयोगमा ल्याउन नसक्नु,<br>• कच्ची सडकहरु प्रशस्त भएर पनि स्तरोन्नति नहुँदा यातायात सुविधामा कठिनाईको साथै एम्बुलेन्स सेवा सवै ठाउँमा पुग्न नसक्नु,<br>• विद्युतीकरण केन्द्रिय सेवा प्रसारण भएर पनि जोखिमपुर्ण वितरण हुनाका साथै ठाउँमा नहुनु,<br>• धरातलिय विकटताले गर्दा व्यवस्थित बस्ति विस्तार गर्न नसक्नु,<br>• भूकम्प गएको २ वर्ष वितिसक्दा पनि २० प्रतिशत मात्र भवन निर्माण हुनु जसको उचित व्यवस्थापन राज्यवाट नहुनु,<br>• बनेका पुलपुलेसा कमजोर र जीर्ण हुनु साथै मोटरएवल नहुनु,<br>• गा.पा भित्रका सरकारी कार्यालयहरु) वन, भेटनरी, कृषि, हुलाक (का भवन कमजोर तथा पर्याप्त नहुनु।<br>• भागौलिक विकटताका कारण सबै टोलबस्तीहरुमा समानरुपले भौतिक पुर्वाधार विकास गर्न कठिनाई<br>• भौगोलिक रुपमा भू—धरातल भएकाले पहिरोबाट जोगाउन कठिनाई रहेको<br>• प्राकृतिक तथा मानविय क्रियाकलापबाट सिर्जित प्रकोपबाट हुने विपद् जोखिम योजना बनाई कार्यान्वयन गराउन कठिन<br>• सडक मापदण्ड बमोजिम सडक विस्तार गर्ने कार्य चुनौतीपुर्ण रहेको लगायत कच्ची तथा धुले सडकको स्तरोन्नत्ती गरि बाह्रै महिना यातायात सेवा संचालन गर्नु अहिलेको प्रमुख चुनौती रहेको<br>• गुणस्तरिय कृषि प्रविधिको समुचित प्रयोग हुन नसक्नु<br>• गाँउपालिकाको मुख्य क्षेत्रमा सहरी बैंक तथा वित्तिय सँस्थाको उपलब्धता नभएको हुँदा उद्योगी व्यवसायीका लागी कर्जा सुविधा उपलब्ध नहुनु<br>• सबै वडामा विद्युतिकरण नभएको<br>• प्राथमिकताको आधारमा भन्दा पनि वडास्तरिय योजना छनोट गर्नमा प्रतिस्पर्धा<br>• पर्यटन प्रर्वधनका लागी न्युनतम भौतिक पुर्वाधार भईनसकेको |

*स्रोतः गांउपालिकास्तरिय छलफल र फिल्ड सर्भेक्षण, २०७६*

# परिच्छेद ३ :पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

## ३. पृष्ठभूमि

विकास र व्यवस्थापनका लागि प्रमूख सूचकको रुपमा जनसंख्यालाई लिइन्छ। यस्ले समाज विकासका लागी देश भित्र उपलब्ध श्रोत र साधनको विवेक र वुद्धीमतापूर्ण तवरले उपयोग गरी विकासको गतिमा तिव्रता दिन महत्वपूर्ण भूमीका खेल्दछ। यस्लाई मानव पूंजीपनि भनिन्छ। निष्कृय श्रोत साधनहरुको परिचालन र कूशल दक्ष जनशक्तिको निमाणार्थ जनसंख्यालाई एउटा आधार स्तम्भ हो। प्रति व्यक्ति आय औषत, आयु, जनसंख्या वृद्धिदर र मातृ तथा वाल मृत्युदर साक्षरता तथा जनस्तर जस्ता मानवीय सूचकांकहरुको उपस्थितिमा कुनै पनि देशको आर्थीक तथा सामाजिक विकासको अवस्था आंकलन गर्न सकिन्छ।

देशभित्र उपलब्ध मानवीय साधनको परिचालन गर्ने र यसको समयोचित तथा समूचित विकास गर्नका लागि विगतमा यस गांउपालिकामा स्पष्ट सोच तथा दीर्घकालीन नीति तर्जुमा गरिएको पांईदैन। तथापि, जिल्ला स्तरमा तर्जुमा गएिको आवधिक जिल्ला विकास योजना र गाविस स्तरमा तयार गरिएका पाश्र्वचित्र तथा गांउ विकास योजनाहरुमा जनसंख्या व्यवस्थापनका केही पक्षहरुलाई उजागर गरिएको पाईन्छ। यति हुंदाहुंदै पनि स्पष्ट जनसांख्यिक नीतिको अभावका कारण उपलव्धिमा केही सुस्तता देखिन्छ। यसका अलावा, हावापानीको भिन्नता, यातायात, व्यापार, उद्योग, पूर्वाधार र अन्य क्षेत्रको समयोचित विकास तथा विस्तार हुन नसक्नुका साथै मानव संशाधनको विकासका लागि पृथक प्रयासहरुको अभावका कारण यहांको मानवीय संशाधनको समुचीत उपयोग हुन सकिरहेको छैन। व्यवस्थित स्वास्थ्य, शिक्षा, संचार आदि सुविधाहरुको अभाव जस्ता समस्याहरुले कुनै पनि व्यक्तिको आर्थीक स्थितिमा सुधार आउनासाथ शहरी क्षेत्रमा वसाई सर्ने प्रचलनले यहांको मानवीय संशाधन निष्कृय अवस्थामा रहेको प्रतीत हन्छ। यद्यपी, राज्य पूर्नसंरचना र स्थानीय तहको निर्वाचनका साथै जनप्रतिनिधिहरुको सकृयतामा मानवीय विकास कार्यहरुले मानवीय संशाधनको क्षेत्रमा आशलाग्दो स्थिति देखापरेको छ।

### ३.१ वस्ती र घरपरीवार विवरण

साबिकका पांच गांउ विकास समितिहरु (सल्यानटार, आगिन्चोक, मुलपानी, सल्यानकोट , र त्रिपुरेश्वर) मिलाएर निर्माण गरिएको त्रिपुरासुन्दरी गाँउपालिकामा कूल ८६ वटा प्रमुख टोल वस्तिहरु र ५० वटा भन्दा वढी सहायक वस्तिहरु रहेकाछन। प्राथमिक तथ्याकंका आधारमा यी टोल वस्तिहरुलाई अंझ परिष्कृत रुपमा छुट्याउन आवस्यक रहेको छ।



## ३.२ जनसंख्या वितरणको अवस्था

जनसङ्ख्या भन्नाले कुनै निश्चित वर्षमा कुनै निश्चित स्थानमा बसोबास गर्ने मानिसहरूको सङ्ख्या भन्ने बुझ्नुपर्दछ। अर्थात, संगठीत रुपले आवद्ध जनसमूह नै जनसंख्या हो। एउटा देशको लागि कति जनसङ्ख्या ठीक हुन्छ भन्ने कुरा त्यस देशमा विद्यमान प्राकृतिक साधनहरूको अवस्थाले निर्धारण गर्दछ। कुनै पनि देशको आर्थिक अवस्था त्यस देशमा विद्यमान जनसङ्ख्याको उमेरगत संरचना, शिक्षित जनशक्ति, पेशागत संरचना इत्यादिमा भर पर्दछ। कुनै पनि देशको लक्ष्य भनेको त्यस देशका जनसङ्ख्याको गुणस्तरीय जीवनयापनमा सहयोग पु-याउनु रहेको हुन्छ। अर्थात् मानिस केवल उपभोक्ता मात्र नभएर ऊ उत्पादनको कारक पनि हो। मानिस आफैंले उत्पादन गर्छ, आफैं खान्छ, अन्य व्यक्तिहरूको लागि पनि सोच्छ। कुनै पनि देशको विकास त्यस देशमा भएका उत्पादनशील नागरिकहरूमा भर पर्दछ ।

त्रिपुरासुन्दरी गांउपालिकाको जनसंख्याको विशेषता निम्नानुसार रहेको छः युवाहरुको बाहुल्यता, उच्च प्रजननदर तथा घट्दो तर उच्च मातृ तथा शिशु मृत्युदर, - तुलनात्मक रुपमा कम औसत आयु, बढ्दो वृद्ध संख्या, लैंगिक असमानता, र अव्यवस्थित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बसाईंसराइ। गरिबी, अशिक्षा, बालविवाह, बहुविवाह, परिवार नियोजन, धार्मिक प्रथा, बाल मृत्युदर आदि उच्च प्रजननदरका कारणहरू रहेका छन्। यसका अलाजा उपलब्ध जनसङ्ख्यालाई उचित शिक्षा, स्वास्थ्य र पौष्टिक आहारको सुविधा पुग्न सकेको छैन। तीव्र जनसङ्ख्या वृद्धिले वनजङ्गलको विनाश, खाद्यान्न समस्या, बेरोजगारीको समस्या, शिक्षा, स्वास्थ्य र आवासको समस्या समेत उत्पन्न गराउने गर्दछ। मानिसको प्रतिव्यक्ति आय घट्छ।

### वडा अनुसार जनसंख्या

गाँउपालिकाको वडागत जनसंख्या तथा वडागत घरधुरीलाई हेर्दा यस नगरपालिकामा भएका ७ वटा वडाको कूल घरधुरी ५५२९ रहेको छ भने पुरुष १२९२० तथा महिलाको संख्या क्रमस १३०१० गरी जम्मा जनसंख्या २५९३० रहेकोछ। २०६८ सालमा यस गाँउपालिकाको जनसंख्या २२९६० रहेको थियो। त्यस्तै यस नगरपालिकामा सवै भन्दा न्यून जनसंख्या भएको वडा नं. ५ रहेकोछ। हाल यस गाँउपालिकाको जनघनत्व ९५.६० रहेको छ। तलको तालिकामा यस गाँउपालिकाको वडा अनुसारको कूल जनसंख्या तथा लिङ्ग अनुसार जनसंख्या को विवरण उल्लेख गरिएकोछ।

**तालिका नं. २.६ : जनसंख्याको वितरण (वडा अनुसार)**

| लिङ्ग अनुसार जनसंख्या | | | | | जम्मा घरधुरीसंख्या |
|---|---|---|---|---|---|
| वडा | पुरुष | महिला | जम्मा | प | ९२५ |
| १ | २३७५ | २३२३ | ४६९८ | 18% | ९०२ |
| २ | १९९१ | २१३१ | ४१२२ | 16% | ६२७ |
| ३ | १७७६ | १७९१ | ३५६७ | 14% | ७०४ |
| ४ | १५१४ | १३४० | २८५४ | 11% | ६५५ |
| ५ | १३०१ | १२१० | २५११ | 10% | ८७६ |
| ६ | १७०३ | २०५५ | ३७५८ | 14% | ८४० |
| ७ | २२६० | २१६० | ४४२० | 17% | ५५२९ |
| जम्मा | १२९२० | १३०१० | २५९३० | 100% | |
| % | 49.80% | 50.20% | 100% | | |

*स्रोतः गांउपालिकास्तरिय छलफल र फिल्ड सर्भेक्षण, २०७६*

## ३.३ उमेर तथा लिंगको आधारमा जनसंख्या विवरण

- **उमेरसमूह अनुसार जनसंख्या**

लिंग र पाँच वर्ष उमेर समूहको जिल्लाको जनसंख्यालाई जनसंख्या तालिका मार्फत् प्रस्तुत गरिएको छ । पाँच वर्ष उमेर समूहमध्ये २५-२९ वर्षको जनसंख्या सबैभन्दा धेरै देखिन्छ भने जिल्लाको कूल जनसंख्याको ठुलो हिस्सा १९ वर्षमुनिको रहेको देखिन्छ । ६० वर्षभन्दा माथिको जनसंख्याको हिस्सा कूल जनसंख्यामा १५.२९ प्रतिशत मात्र रहेको छ ।  २०-५९ वर्ष उमेर समूहको जनसंख्या कूल जनसंख्याको ५६ प्रतिशतभन्दा बढी भएको हुँदा जिल्लाको समग्र सामाजिक आर्थिक रुपान्तरणमा मानव संशाधनको विकास र परिचालनको भूमिका महत्वपूर्ण हुने देखिन्छ ।

## तालिका नं. : उमेर समूह अनुसार जनसंख्याको अवस्था

| उमेर समूह | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | | | | | | | | महिला | | | | | | | | | |
| वडा | ० – ५ | १२– १९ | २०– ३० | ३१ – ५८ | ५९– ७४ | ६– ११ | ७५– ९० | ९१– ११५ | जम्मा | ० – ५ | १२– १९ | २०– ३० | ३१ – ५८ | ५९– ७४ | ६– ११ | ७५– ९० | ९१– ११५ | जम्मा | कुल जम्मा |
| १ | २२७ | ३५० | ५७४ | ६७२ | २७५ | २३५ | ३४ | ८ | २३७५ | २०३ | ३५१ | ६१५ | ६४९ | २५७ | २११ | ३२ | ५ | २३२३ | ४६९८ |
| २ | १८३ | २९४ | ४८७ | ६५४ | १४० | १९४ | ३५ | ४ | १९९१ | १६७ | २८४ | ५३६ | ७१५ | १८४ | १८५ | ५० | १० | २१३१ | ४१२२ |
| ३ | १६५ | २६० | ४५४ | ५२४ | १७९ | १४८ | ३९ | ७ | १७७६ | १२९ | २९५ | ४३३ | ५२७ | १७१ | १६९ | ५८ | ९ | १७९१ | ३५६७ |
| ४ | १६१ | २९६ | ३९८ | ३८७ | ७१ | १७६ | २१ | ३ | १५१३ | १३३ | २५८ | ३४० | ३४५ | ८२ | १५२ | २८ | २ | १३४० | २८५३ |
| ५ | ७४ | १७७ | २८२ | ४७१ | १६० | ९० | ४३ | ४ | १३०१ | ५० | १६० | २४९ | ४६७ | १६२ | ८३ | ३५ | ३ | १२०९ | २५१० |
| ६ | २११ | ३३१ | ५०९ | ३८४ | २७ | २३२ | ७ | २ | १७०३ | १६६ | २७५ | ५३४ | ६५७ | १६२ | २०८ | ४१ | १२ | २०५५ | ३७५८ |
| ७ | ११६ | २३७ | ६३१ | ७९५ | १७५ | १९४ | १०३ | ९ | २२६० | १२७ | २४७ | ५७० | ७७४ | १६८ | १७३ | ९१ | १० | २१६० | ४४२० |
| कुल | ११३७ | १९४५ | ३३३५ | ३८८७ | १०२७ | १२६९ | २८२ | ३७ | १२९१९ | ९७५ | १८७० | ३२७७ | ४१३४ | ११८६ | ११८१ | ३३५ | ५१ | १३००९ | २५९२८ |

## ३.४ मातृभाषाको आधारमा जनसंख्या विवरण

| कुन भाषा प्रयोग गर्नुहुन्छ ? | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा | गुरुङ | तामांग | नेपाली | नेवारी | घले | जम्मा |
| १ | | ६ | ४६८४ | ८ | | ४६९८ |
| २ | २५ | १७ | ४०७८ | २ | | ४१२२ |
| ३ | १२ | १६ | ३५२२ | २ | १५ | ३५६७ |
| ४ | | | २८४९ | ४ | | २८५३ |
| ५ | | १ | २५०४ | ५ | | २५१० |
| ६ | १ | २ | ३७५३ | २ | | ३७५८ |
| ७ | ११ | १६५ | ४२४२ | २ | | ४४२० |
| कुल जम्मा | ४९ | २०७ | २५६३२ | २५ | १५ | २५९२८ |

## ३.५ धर्म अनुसार जनसंख्या विवरण

| कुन धर्म मान्नुहुन्छ ? | | | | | |
|---|---|---|---|---|---|
| वडा | इस्लाम | क्रिस्टियन | बौद्ध | हिन्दु | जम्मा |
| १ | | ३१ | ११ | ४६५६ | ४६९८ |
| २ | ४४ | २१२ | १५२ | ३७१४ | ४१२२ |
| ३ | | ४ | ३८ | ३५२५ | ३५६७ |
| ४ | | ११ | २ | २८४० | २८५३ |
| ५ | | | ३० | २४८० | २५१० |
| ६ | ४ | १ | ८ | ३७४५ | ३७५८ |
| ७ | ८ | ५८ | ८९ | ४२६५ | ४४२० |
| जम्मा | ५६ | ३१७ | ३३० | २५२२५ | २५९२८ |

## ३.६ जातिगत आधारमा जनसंख्या विवरण

| | जातियता | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा | कुमाल | कुवर | क्रिस्टियन | क्षेत्री | गीरी / पुरी / भारती /योगी / सन्यासी | गुरुङ | घर्ती | घले | ठकुरी | तामांग | तामांग | दराई | दलित | नेवार | ब्रामण | मगर | माझि | मुस्लिम | लिम्बु | जम्मा |
| १ | ११७५ | | ३१ | ४७४ | ७११ | | ४ | | १ | २५ | | ८८१ | ३५३ | ४०७ | ५७४ | ९ | ५३ | | | ४६९८ |
| २ | १४३८ | ५ | २१२ | ३९२ | ५ | १६६ | | ११३ | २३ | ६ | ३६ | ८ | ३३८ | ८८९ | ३८९ | ३९ | | ६३ | | ४१२२ |
| ३ | | | ४ | १६६२ | | १३० | | ५४ | | २ | | | ४२३ | १६८ | ९१ | १०३२ | १ | | | ३५६७ |
| ४ | | | ११ | २३८ | | १४२ | | | ४८ | | | | ७९४ | १६७ | ५४४ | ९०२ | २ | | ५ | २८५३ |
| ५ | | | | ११६० | | | | | | | | | ३०३ | १४४ | १९७ | ७०४ | | | २ | २५१० |
| ६ | २१ | ५९ | १ | १३२३ | १७ | ९ | | | ४८६ | | | | ७७६ | ३६२ | ६१३ | ८७ | | ४ | | ३७५८ |
| ७ | २ | | ५८ | २०७३ | | ६२ | | २३ | ६ | १६५ | ५ | | ४८२ | २५१ | ९३९ | ३४६ | | ८ | | ४४२० |
| जम्मा | २६३६ | ६४ | ३१७ | ७३२२ | ७३३ | ५०९ | ४ | १९० | ५६४ | १९८ | ४१ | ८८९ | ३४६९ | २३८८ | ३३४७ | ३११९ | ५६ | ७५ | ७ | २५९२८ |

ब्राहमण भए कुन हो ?

| यदी ब्राहमण भए कुन हो ? | | | | |
|---|---|---|---|---|
| वडा | उपाध्याय | कुमाई | जैसी | जम्मा |
| 1 | 225 | 4 | 345 | 574 |
| 2 | 158 | 61 | 170 | 389 |
| 3 | 21 | | 70 | 91 |
| 4 | 206 | 7 | 331 | 544 |
| 5 | 112 | 4 | 81 | 197 |
| 6 | 387 | 4 | 222 | 613 |
| 7 | 511 | 17 | 411 | 939 |
| जम्मा | 1620 | 97 | 1630 | 3347 |

## ३.७ घरमुलीको विवरण

| घरमुलीको लिङ्ग | | | | |
|---|---|---|---|---|
| वडा | पुरुष | महिला | जम्मा | वडाको जनशंख्या % |
| १ | ८१८ | १०७ | ९२५ | १७% |
| २ | ७६२ | १४० | ९०२ | १६% |
| ३ | ४५७ | १७० | ६२७ | ११% |
| ४ | ३४२ | ३६२ | ७०४ | १३% |
| ५ | ५०७ | १४८ | ६५५ | १२% |
| ६ | ७३४ | १४२ | ८७६ | १६% |
| ७ | ७२३ | ११७ | ८४० | १५% |
| जम्मा | ४३४३ | ११८६ | ५५२९ | १००% |
| % (पुरुष र महिला ) | ७९% | २१% | १ | |

*घरमुलीको उमेर समूहको बिबरण*

| वडा | १३-१९ | २०-३० | ३१-५९ | ६० -७० | ७० भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १ | ७४ | ५३९ | १९८ | ११३ | ९२५ |
| २ | | ८२ | ५७१ | १७१ | ७८ | ९०२ |
| ३ | ३ | ३५ | २९२ | १९३ | १०४ | ६२७ |
| ४ | ३ | ८२ | ३५५ | १४४ | १२० | ७०४ |
| ५ | ४ | ४० | ३६५ | १६८ | ७८ | ६५५ |
| ६ | १ | ४५ | ५०३ | १८० | १४७ | ८७६ |
| ७ | १ | ४३ | ४९६ | १७१ | १२९ | ८४० |
| जम्मा | १३ | ४०१ | ३१२१ | १२२५ | ७६९ | ५५२९ |

## ३.८ पेशाका आधारमा जनसंख्या विवरण

| वडा नं. | अध्ययन | उच्च शिक्षाको लागी देश बाहिर | उद्योग | कृषि - पशुपालन | कृषि - पशुपालन, उद्योग | कृषि - पशुपालन, गैर सरकारी / निजि | कृषि - पशुपालन, ज्यालामजदुर | कृषि - पशुपालन बैदेशिक रोजगार | कृषि - पशुपालन व्यापार बैदेशिक रोजगार | कृषि - पशुपालन व्यापार सरकारी नोकरी (अवकाश प्राप्त लाई पनि उल्लेख गर्ने) | कृषि - पशुपालन सरकारी नोकरी (अवकाश प्राप्त लाई पनि उल्लेख गर्ने) | कृषि - पशुपालन सरकारी नोकरी (अवकाश प्राप्त लाई पनि उल्लेख गर्ने) ज्यालामजदुर | कृषि - पशुपालन सरकारी नोकरी (अवकाश प्राप्त लाई पनि उल्लेख गर्ने) बैदेशिक रोजगार | कृषि - पशुपालन सरकारी नोकरी (अवकाश प्राप्त लाई पनि उल्लेख गर्ने) सीप-मुलक मजदुर | कृषि - पशुपालन सीप-मुलक मजदुर | गैर सरकारी / निजि | ज्याला मजदुर | बैदेशिक रोजगार | व्यापार | सरकारी नोकरी (अवकाश प्राप्त लाई पनि उल्लेख गर्ने) | सीप - मुलक मजदुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | | | ३७९१ | १४ | १८० | ६ | ३५२ | २२४ | | ५ | | | | ९९ | ३ | | ४ | १६ | | | ४६९८ |
| २ | १७९ | ८ | १ | १५७३ | १३ | २४ | ४७३ | २३६ | ४४९ | ६१ | १३४ | २६ | २७ | १४ | २०४ | २३ | ११ | १३० | ३८० | ९८ | ५९ | ४१२३ |
| ३ | ६४१ | | १ | १२४ | १० | २१ | १३४४ | ८० | ५४ | २९ | २४८ | ६४० | ९२ | ३६ | ७१ | ५६ | ६ | ५७ | ४९ | २ | ६ | ३५६७ |
| ४ | १ | १४ | ११ | २०५८ | | | ६४ | २ | ० | १ | | | | | ६ | १५६ | १३३ | २४१ | ५२ | १४ | १०० | २८५३ |
| ५ | २२१ | १ | २ | २०४४ | ३ | | १८ | ७ | २६ | ११ | १० | | | | १४ | ८ | २० | ३३ | १३ | ६१ | १८ | २५१० |
| ६ | १८६६ | १९ | ७ | १००४ | | | १ | १ | ५ | | | | | | १ | ८५ | २०० | १७३ | १६६ | १४८ | ८२ | ३७५८ |
| ७ | ७४ | ४६ | | ३३१८ | | ३ | ६ | २२ | १२८ | | ११ | | | | ६ | १३९ | ६३ | १८३ | २१५ | ११० | ९७ | ४४२१ |
| कुल जम्मा | २९८६ | ८८ | २२ | १३९१२ | ४० | २२८ | १९१२ | ७०० | ८८६ | १०२ | ४०८ | ६६६ | ११९ | ५० | ४०१ | ४७० | ४३३ | ८२१ | ८९१ | ४३३ | ३६२ | २५९३० |

## ३.९ आर्थिक रुपले सक्रिय जनसंख्या विवरण

आर्थिक विकासको लागि महत्वपूर्ण साधन मानव संसाधन हो किनभने देशको उन्नति गर्ने प्रक्रिया तथा प्रवृत्ति मानवकै हातमा रहेको छ । निष्क्रिय उपलब्ध प्राकृतिक साधनहरूको परिचालन गर्ने सक्रिय मानव जाति नै हो । यदि कुनै देशमा अनुत्पादक जनसङ्ख्या र उत्पादनका साधनहरू न्यूनतम छ भने जनताको जीवनस्तर उकास्न सकिँदैन । यसकारण जनसङ्ख्या अथवा मानव साधन, आर्थिक विकास र उपलब्ध प्राकृतिक साधनहरूबीच प्रत्यक्ष सम्बन्ध हुन्छ । कुनै पनि देशको मानव साधन भनेको त्यस देशका जनता नै हुन् र मानव साधनको अध्ययनको लागि जनसङ्ख्याको अध्ययन गर्नुपर्ने हुन्छ । आर्थिक विकासमा मानवीय साधनको भूमिकालाई यसप्रकार उल्लेख गर्न सकिन्छ । जनसंख्या वृद्धि र उत्पादन, जनसंख्या वृद्धि र खाद्यान्न आपूर्ति, जनसंख्या वृद्धि र पुँजी निर्माण, जनसंख्या वृद्धि र बेरोजगारी जनसंख्या वृद्धि र सन्तुलित विकासमा मद्दत पु¥याउने गर्दछ । आधुनिक युगको निर्माण, आधुनिक सभ्यता, संस्कृति, विज्ञान र प्रविधिको श्रेय मानव जातिलाई प्राप्त छ । तर अनियन्त्रित जनसंख्या वृद्धि र अरु कुरा समान रहेमा निर्धनताको दुष्चक्र निर्माणको प्रमुख तत्व हो ।

नेपालको कूल जनसंख्याको २,६४,९४,५०७ करिव ५६ प्रतिशत जनसंख्या आर्थिक रुपले सकृय छन् । एकातिर ... सीपयुक्त तालिम, अभिमूखीकरण मानव संसाधन विकास गर्नका निम्ति अर्को महत्वपुर्ण क्षेत्र हो । बिडम्वना ... पनि हो नै । विकासको ध्येय भनेको मानवकै जीवनस्तरमा सकरात्मक परिवर्तन ल्याउने हो ।

## ३.१० अपागंताको आधारमा जनसंख्या विवरण

| अपाङ्गता भएको | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा | अटिज्म सम्वन्धि अपाङ्गता | अनुवंशिय रक्तस्रवा (हेमोफेलिया) सम्वन्धि अपाङ्गता | दृष्टि संबन्धि अपाङ्गता | मानसिक वा मनोसामाजिक अपाङ्गता | वहु अपाङ्गता | शारिरिक अपाङ्गता | श्रवणदृष्टिविहिन अपाङ्गता | सुनाई सम्बन्धि अपाङ्गता (वहिरा, सुस्त श्रवण) | स्वर र वोलाई सम्बन्धि अपाङ्गता | जम्मा |
| १ | १ | | १ | १ | | ७ | | ५ | ५ | २० |
| २ | | | ५ | ३ | | ३३ | १ | | २ | ४४ |
| ३ | | | २ | १ | ३ | १० | | | २ | १८ |
| ४ | | १ | ३ | १ | | १४ | | १ | ७ | २७ |
| ५ | | | १ | | | ७ | | २ | १ | ११ |
| ६ | | १ | ३ | ४ | ३ | ६ | | ३ | ७ | २७ |
| ७ | | | ३ | ८ | १ | १७ | | | १३ | ४२ |
| कुल जम्मा | १ | २ | १८ | १८ | ७ | ९४ | १ | ११ | ३७ | १८९ |

| दृष्टि संबन्धि अपाङ्गता | | | | |
|---|---|---|---|---|
| वडा | दृष्टि विहिनता ) | न्यून दृष्टियुक्त | पुर्ण दृष्टि विहिन | जम्मा |
| 1 | 1 | | | 1 |
| 2 | 1 | 3 | 1 | 5 |
| 3 | | | 2 | 2 |
| 4 | 2 | | 1 | 3 |
| 5 | | 1 | | 1 |
| 6 | 3 | | | 3 |
| 7 | 1 | 1 | 1 | 3 |
| कुल जम्मा | 8 | 5 | 5 | 18 |

| सुनाई सम्बन्धि अपाङ्गता भए | | | |
|---|---|---|---|
| वडा | वहिरा | सुस्त श्रवण | जम्मा |
| 1 | 2 | 3 | 5 |
| 2 | | | |
| 3 | | | |
| 4 | | 1 | 1 |
| 5 | 1 | 1 | 2 |
| 6 | 2 | 1 | 3 |
| 7 | | | |
| कुल जम्मा | 5 | 6 | 11 |

| अपांगताको परिचयपत्रको प्रकार | | | | | |
|---|---|---|---|---|---|
| वडा | निलो परिचयपत्र (ख वर्ग) | पहेलो परिचयपत्र (ग वर्ग) | रातो परिचयपत्र (क वर्ग) | सेतो परिचयपत्र (घ वर्ग) | जम्मा |
| 1 | 2 | | 9 | | 11 |
| 2 | 9 | 10 | 9 | 1 | 29 |
| 3 | 4 | 1 | 2 | 1 | 8 |
| 4 | 5 | 2 | 5 | 2 | 14 |
| 5 | 1 | 2 | | | 3 |
| 6 | 7 | 2 | 8 | | 17 |
| 7 | 4 | 2 | 8 | 2 | 16 |
| जम्मा | 32 | 19 | 41 | 6 | 98 |

| अपाङ्गता भएको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| वडा | जन्म पश्चात (दुर्घटनाको कारण) | जन्म पश्चात (रोगको कारण) | जन्मजात | जन्मदको समयमा | जम्मा |
| 1 | 3 | 6 | 8 | 3 | 20 |
| 2 | 14 | 6 | 20 | 4 | 44 |
| 3 | 3 | 3 | 12 | | 18 |
| 4 | 3 | 4 | 10 | 10 | 27 |
| 5 | 2 | 1 | 8 | | 11 |
| 6 | 1 | 5 | 15 | 6 | 27 |
| 7 | 11 | 7 | 18 | 6 | 42 |
| कुल जम्मा | 37 | 32 | 91 | 29 | 189 |

## ३.११ बसाई सराई सम्बन्धी विवरण

आर्थिक वृद्धि तथा रोजगारीका अवसरमा कमी हुनु तथा नागरिकको आवश्यकता तथा आकांक्षा समयानुकूल बढ्दै जाँदा यहां वईसराईको गति तीव्र भएको देखिन्छ । यो गांउपालिका पहाडी क्षेत्रमा अवस्थित छ तथापि यहां मध्यम पहाडी भूभाग र केहि समथर भूमि समेत भएकोले रोजगारीका सिलसिलामा यहांवाट शहरी क्षेत्रहरुमा बसाइ सर्ने चलन बढि रहेकोछ । विगतको १० वर्ष सशस्त्र द्वन्द्वबाट विस्थापितहरु पनि यहांवाट बसोवास सरेकाछन् । तल तालिकामा वसाईसराईको घरधुरीहरुको प्रतिशतको आकारका आधारमा प्रस्तुत गरिएको छ ।

| बसाईसरी आएको परिवार | | | |
|---|---|---|---|
| वडा | हो | होइन | जम्मा |
| 1 | 1 | 924 | 925 |
| 2 | 27 | 875 | 902 |
| 3 | 0 | 627 | 627 |
| 4 | 0 | 704 | 704 |
| 5 | 0 | 655 | 655 |
| 6 | 1 | 875 | 876 |
| 7 | 1 | 839 | 840 |
| जम्मा | 30 | 5499 | 5529 |

| बसाई सरि आउनुको मुख्य कारण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा | अध्ययन | आर्थिक उन्नती | नोकरी | पारीवारिक | व्यपार | सामाजिक | जम्मा |
| 1 | | 1 | | | | | 1 |
| 2 | 1 | 3 | 1 | 9 | 9 | 4 | 27 |
| 3 | | | | | | | 0 |
| 4 | | | | | | | 0 |
| 5 | | | | | | | 0 |
| 6 | | | | | 1 | | 1 |
| 7 | | 1 | | | | | 1 |
| जम्मा | 1 | 5 | 1 | 9 | 10 | 4 | 30 |

| घरमा भाडामा बस्ने | | | |
|---|---|---|---|
| वडा | घरमा भाडामा बस्ने | घरमा भाडामा नबस्ने | जम्मा |
| 1 | 3 | 922 | 925 |
| 2 | 33 | 869 | 902 |
| 3 | | 627 | 627 |
| 4 | 4 | 700 | 704 |
| 5 | 1 | 654 | 655 |
| 6 | 3 | 873 | 876 |
| 7 | 11 | 829 | 840 |
| जम्मा | 55 | 5474 | 5529 |

## ३.१२ व्यक्तिगत घटना सम्बन्धी विवरण

***१४. जन्मदर्ता भएका बालबालिकाको संख्या** (आ.व. २०७४।७५)*

| आ.व. | आ.ब. | कुल जन्म दर्ता सङ्ख्या | | |
|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा |
| वार्ड नं. १ | अघिल्लो आ.व. | ५९ | ६३ | १२२ |
| | चालु आ.व. | ४८ | ६२ | ११० |
| वार्ड नं. २ | अघिल्लो आ.व. | ८४ | ४४ | १२८ |
| | चालु आ.व. | ४५ | ४४ | ८९ |
| वार्ड नं. ३ | अघिल्लो आ.व. | ४७ | २०१ | २४८ |
| | चालु आ.व. | ८० | ७९ | १५९ |
| वार्ड नं. ४ | अघिल्लो आ.व. | ५३ | ६० | ११३ |
| | चालु आ.व. | ४१ | ३१ | ७२ |
| वार्ड नं. ५ | अघिल्लो आ.व. | ५२ | ८० | १३२ |
| | चालु आ.व. | ६६ | ६८ | १३४ |
| वार्ड नं. ६ | अघिल्लो आ.व. | ५० | ३४ | ८४ |

| | | | | |
|---|---|---|---|---|
| | चालु आ.व. | ५२ | ४२ | १०० |
| वार्ड नं. ७ | अघिल्लो आ.व. | ५३ | ४० | ९३ |
| | चालु आ.व. | ४९ | ४१ | ९० |

## *वसाई सराई सम्वन्धी विवरण (आ.व. २०७४।७५)*

| **वडा नं.** | **वसाई सराई विवरण** | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| वार्ड नं. १ | न.पा भित्र आएका | १ | १ | २ |
| | न.पा वाट बाहिर गएका | १५ | १४ | २९ |
| | जम्मा | १६ | १५ | ३१ |
| वडा नं. २ | न.पा भित्र आएका | १५९ | १४९ | ३०८ |
| | न.पा वाट बाहिर गएका | ४० | १३ | ५३ |
| | जम्मा | १५० | २११ | ३६१ |
| वडा नं. ३ | न.पा भित्र आएका | ० | ० | ० |
| | न.पा वाट बाहिर गएका | ११ | १४ | २५ |
| | जम्मा | ११ | १४ | २५ |
| वडा नं. ४ | न.पा भित्र आएका | ४ | १ | ५ |
| | न.पा वाट बाहिर गएका | ९ | ७ | १६ |
| | जम्मा | १३ | ८ | २१ |
| वडा नं. ५ | न.पा भित्र आएका | ० | ० | ० |
| | न.पा वाट बाहिर गएका | ८ | १३ | २१ |
| | जम्मा | ८ | १३ | २१ |
| वडा नं. ६ | न.पा भित्र आएका | ० | ० | ० |
| | न.पा वाट बाहिर गएका | ० | ० | ० |
| | जम्मा | ० | ० | ० |
| वडा नं. ७ | न.पा भित्र आएका | ० | ० | ० |
| | न.पा वाट बाहिर गएका | ० | ० | ० |
| | जम्मा | ० | ० | ० |

| परिवारमा द्वन्द्वबाट प्रत्यक्ष रुपले पीडित घरधुरी | | | | |
|---|---|---|---|---|
| वडा | छन् | | | जम्मा |
| | मृत्यु | घाइते अपाङ्गता | शरिरिक यातना | |
| 1 | 0 | 1 | 0 | 1 |
| 2 | 0 | 0 | 0 | 0 |
| 3 | 0 | 0 | 0 | 0 |
| 4 | 0 | 0 | 0 | 0 |
| 5 | 6 | 0 | 0 | 6 |
| 6 | 0 | 4 | 15 | 19 |

| | | | | |
|---|---|---|---|---|
| 7 | 0 | 0 | 1 | 1 |
| जम्मा | 6 | 5 | 16 | 27 |

| विवाहित बिवरण | | | |
|---|---|---|---|
| वडा | हो | होइन | जम्मा |
| 1 | 2668 | 2030 | 4698 |
| 2 | 2383 | 1739 | 4122 |
| 3 | 2027 | 1540 | 3567 |
| 4 | 1310 | 1543 | 2853 |
| 5 | 1458 | 1052 | 2510 |
| 6 | 1779 | 1979 | 3758 |
| 7 | 2648 | 1772 | 4420 |
| कुल जम्मा | 14273 | 11655 | 25928 |

| बलबिवाह भएको सदश्य | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा | 10 वर्ष उमेर | 11 वर्ष उमेर | 12 वर्ष उमेर | 13 वर्ष उमेर | 14 वर्ष उमेर | 15 वर्ष उमेर | 16 वर्ष उमेर | 17 वर्ष उमेर | 18 वर्ष उमेर | 19 वर्ष उमेर | 20 वर्ष उमेर | कुल जम्मा |
| 1 | | 1 | 5 | 16 | 41 | 161 | 368 | 65 | 615 | 455 | 738 | 2465 |
| 2 | 17 | 8 | 18 | 34 | 46 | 211 | 199 | 156 | 350 | 206 | 328 | 1573 |
| 3 | 13 | 15 | 23 | 38 | 57 | 148 | 164 | 166 | 218 | 186 | 263 | 1291 |
| 4 | | 4 | | 4 | 11 | 60 | 53 | 38 | 214 | 187 | 474 | 1045 |
| 5 | 3 | 1 | 4 | 2 | 1 | 11 | 11 | 8 | 15 | 61 | 160 | 277 |
| 6 | 2 | 1 | 1 | | | 39 | 15 | 15 | 100 | 44 | 227 | 444 |
| 7 | 38 | 15 | 65 | 67 | 78 | 254 | 145 | 154 | 260 | 173 | 391 | 1640 |
| कुल जम्मा | 73 | 45 | 116 | 161 | 234 | 884 | 955 | 602 | 1772 | 1312 | 2581 | 14273 |

## ३.१३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

## ३.१४ श्रोत नक्शा

# परिच्छेद ४: आर्थिक अवस्था

## ४.१ प्रमुख आर्थिक विवरण

### ४.१.१ मुख्य पेशा सम्बन्धी विवरण

| वडा | शिप भएको मजदुर | आर्मी | इनजीनियर | कृषि-बिज्ञ | चार्टर्ड अकाउन्टेन्ट | जनपथ पुलिस / ट्राफिक | डाक्टर (चिकित्सक) | निजामती सेवा | प्राध्यापक | भेटनेरी चिकित्सक | शसस्त्र पुलिस | शिक्षक | संघ / सस्थान / प्राधिकरण | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 4 | 61 | 4 | | 5 | 11 | 7 | 4 | | 1 | 4 | 81 | 5 | 187 |
| 2 | 23 | 111 | 12 | 1 | | | 19 | 30 | | 1 | 8 | 123 | 85 | 413 |
| 3 | 859 | 186 | | 1 | 3 | 5 | | 1 | 2 | 1 | 31 | 28 | 1 | 1118 |
| 4 | 6 | 93 | 2 | | | 9 | 2 | 2 | | | 3 | 35 | 19 | 171 |
| 5 | 25 | 25 | | | | 2 | 3 | 3 | 3 | 1 | 1 | 27 | 2 | 92 |
| 6 | 23 | 83 | | 1 | 5 | 4 | 3 | 4 | | | 30 | 58 | 23 | 234 |
| 7 | 5 | 162 | 4 | 1 | 4 | 2 | 12 | 4 | 4 | | 14 | 47 | 8 | 267 |
| कुल जम्मा | 945 | 721 | 22 | 4 | 17 | 33 | 46 | 48 | 9 | 4 | 91 | 399 | 143 | 2482 |

### ४.१.२ औषत आम्दानी विवरण

| परिवारमा ऋण को अवस्था | | | |
|---|---|---|---|
| वडा | छ | छैन | जम्मा |
| 1 | 28 | 897 | 925 |
| 2 | 466 | 436 | 902 |
| 3 | 359 | 268 | 627 |
| 4 | 542 | 162 | 704 |
| 5 | 51 | 604 | 655 |
| 6 | 605 | 271 | 876 |
| 7 | 449 | 391 | 840 |
| जम्मा | 2500 | 3029 | 5529 |

o

| ऋणको श्रोत सम्बन्धि विवरण | | | |
|---|---|---|---|
| वडा | बैंक वित्तीय संस्थाबाट | सहकारी | ब्यक्तीगत |
| 1 | 12 | 14 | 2 |
| 2 | 167 | 159 | 140 |
| 3 | 66 | 155 | 138 |
| 4 | 296 | 230 | 7 |
| 5 | 1 | 2 | 48 |

| | | | |
|---|---|---|---|
| 6 | 17 | 135 | 453 |
| 7 | 79 | 253 | 117 |
| जम्मा | 638 | 948 | 905 |

### ४.१.३ औषत खर्च तथा बचत विवरण

### ४.१.४ खाद्यान्न सुरक्षाको अवस्था

| खाद्यान्न आत्मनिर्भरताको अवस्थाः | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा | १०-१२ महिना खान पुग्ने | ३ महिनाभन्दा कम खान पुग्ने | ४-६ महिना खान पुग्ने | ७-९ महिना खान पुग्ने | आफ्नो खेतबारीको उत्पादनबाट खान पुगेर बेचबिखन गर्ने | जम्मा |
| 1 | 31 | 27 | 395 | 472 | | 925 |
| 2 | 210 | 308 | 346 | 35 | 3 | 902 |
| 3 | 195 | 143 | 217 | 57 | 15 | 627 |
| 4 | 73 | 230 | 340 | 58 | 3 | 704 |
| 5 | 34 | 56 | 487 | 74 | 4 | 655 |
| 6 | 351 | 115 | 347 | 61 | 2 | 876 |
| 7 | 308 | 227 | 122 | 100 | 83 | 840 |
| जम्मा | 1202 | 1106 | 2254 | 857 | 110 | 5529 |

j

| अपुग खाद्यान्नको परिपूर्तिको अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा | ज्याला मजदुरी | जागिर/पेन्सन | वैदेशिक रोजगारी | कृषि उपज बिक्री | पशुपक्षी बिक्री | अधिया/साझे कमाएर | ऋण सापटी |
| 1 | 866 | 144 | 293 | 3 | 6 | 4 | 4 |
| 2 | 519 | 132 | 158 | 5 | 4 | | 4 |
| 3 | 345 | 117 | 78 | 5 | 50 | 11 | 151 |
| 4 | 372 | 188 | 152 | 6 | 156 | 18 | 8 |
| 5 | 581 | 103 | 40 | 6 | 26 | 19 | 2 |
| 6 | 472 | 329 | 77 | 8 | 8 | | 31 |
| 7 | 342 | 68 | 64 | | 3 | 158 | 9 |
| जम्मा | 3497 | 1081 | 862 | 33 | 253 | 210 | 209 |

## ४.१.५ आवास संरचना विवरण

| घरको छानाको प्रकार | | | | | |
|---|---|---|---|---|---|
| वडा | खर / पराल / छावाली | जस्ता / टिन / च्यादर | सीमेंट / ढलान | काठ / फल्याक | जम्मा |
| 1 | | 664 | 261 | | 925 |
| 2 | | 444 | 458 | | 902 |
| 3 | 4 | 621 | 2 | | 627 |
| 4 | | 667 | 37 | | 704 |
| 5 | | 616 | 39 | | 655 |
| 6 | 1 | 744 | 131 | | 876 |
| 7 | 3 | 701 | 71 | 65 | 840 |
| जम्मा | 8 | 4457 | 999 | 65 | 5529 |

| घरको तल्लाको बिवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा | एक तल्ला | चार तल्ला | तीन तल्ला | दुई तल्ला | भुई - तल्ला | जम्मा |
| 1 | 475 | | 2 | 13 | 435 | 925 |
| 2 | 213 | 4 | 36 | 104 | 545 | 902 |
| 3 | 542 | | | 21 | 64 | 627 |
| 4 | 628 | | 2 | 30 | 44 | 704 |
| 5 | 621 | 1 | 2 | 23 | 8 | 655 |
| 6 | 435 | | 7 | 11 | 423 | 876 |
| 7 | 546 | 1 | 2 | 14 | 277 | 840 |
